छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
वर्ष २५ •अंक १५४ •२०८० साल कार्त्तिक ४ गते शनिबार (21 October, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## बृहत्तर जनकपुरमा भद्रगोल

# अध्यक्षद्वारा ३ दर्जन मुद्दा अख्तियारमा, कर्मचारीद्वारा प्रवेश निषेध

**टुडे समाचारदाता**


जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्ष शितल साहलाई कार्यालय प्रवेशमा कर्मचारीहरुले रोक लगाएका छन् ।


साउन महिनादेखि बाँकी रहेको तलव, सुविधा दशैंमा समेत उपलब्ध गराउन रोक लगाएपछि आक्रोशित कर्मचारीहरुले उनलाई कार्यालय प्रवेशमा रोक लगाएका छन् । कर्मचारीहरुले अध्यक्षको कार्यकक्ष र क्वाटरमा समेत ताला लगाएका छन् ।

बृहत्तरमा कार्यरत्त २२ जना कर्मचारीमध्ये २१ जना कर्मचारी साहको बिरोधमा छन् । संघीय पर्यटन तथा संस्कृति मन्त्रालयले कर्मचारीहरुलाई तलव दिने निर्णयमा पुगिसकेको बेला अध्यक्ष साहले रोक्न लगाएको आरोप कर्मचारीहरुले लगाएका छन् ।

बृहत्तरका कर्मचारीहरुले ३ महिनादेखि तलव सुविधा पाएका छैनन् । दशैंको मुखमा तलब पाउने उनीहरुको ठूलो आशा थियो । तर अध्यक्षले नै तलब रोक्न लगाएपछि कर्मचारी क्रुद्ध भएका छन् ।

कर्मचारीहरुले शुक्रबार जारी गरेको संयुक्त विज्ञप्तिमा अध्यक्ष शितल साहले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पूर्व पदाधिकारी र कर्मचारीहरुमाथि ३५ वटा मुद्दा दर्ता गराएको आरोप लगाइएको छ ।





जनकपुरधाममा घर भएका अध्यक्षले आवास सुविधा नपाउने नियम रहेपनि साहले नियम विपरीत यात्री निवास परिसरमा रहेको पर्यटन सूचना केन्द्रलाई हटाएर आवास बनाउँदा मासिक ८० हजारको आर्थिक क्षति बृहत्तरलाई भइरहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

कर्मचारीहरुका अनुसार साहले गैरकानुनी रुपमा तलव, सुविधा माग गरेको तर त्यो रकम सरकारले उपलब्ध नगराएको कारण कर्मचारीहरुको समेत तलव भत्ता रोक्का गराएका छन् ।

जानकी मन्दिरको उत्तर तर्फ तेलहा-मडहा पोखरीको पश्चिम डिलमा राखिएको डिजिटल विज्ञापन बोर्डमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको नाममा विद्युतको मिटर जोडिएको छ । तर त्यसको आम्दानी अध्यक्ष साहले उठाइरहेका छन् । बृहत्तरले विद्युतको लाइन काट्न प्राधिकरणलाई पत्राचार गरे पनि मिटरको लाइन नकाटिएको कर्मचारीहरुले जनाएका छन् ।

संघीय खानेपानी मन्त्रालयले उपलब्ध गराएको सरकारी गाडीलाई निजी प्रयोजनमा राखेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ ,'कार्यालयमा २ जना चालकलाई कामविहीन बनाएर बाहिरको चालकबाट निजी काममा गाडी प्रयोग अध्यक्ष साहले गरिरहेका छन् ।

बृहत्तर जनकपुर क्षेत्र परिसरमा निजी स्तरबाट सञ्चालित होटेलको २ लाख ५० हजारको निजी खर्चको बिल बृहत्तरबाट भुक्तानीका लागि कर्मचारीहरुमाथि दबाब दिएको आरोप विज्ञप्तिमा लगाइएको छ । बृहत्तरको अध्यक्षमा नियुक्त भएदेखि नै साहले यात्री निवासका सञ्चालकसित ६० लाख र बृहत्तरका कर्मचारीहरुसित १० लाख रुपैयाँ अनुचित माग गरेको आरोप समेत विज्ञप्तिमा लगाइएको छ ।

कर्मचारीहरुले अध्यक्ष साहमाथि कार्यालयका लागि अहित गरेको ११ वटा आरोप लगाउँदै बर्खास्त गर्न सरकारसित माग गरेका छन् । साह अध्यक्ष भएदेखि नै अनेकौं विवादमा परेका छन् । खास गरी कर्मचारीमाथि अनुचित दबाब दिएर आर्थिक हिनामिना गर्न उद्यत रहेको विज्ञप्तिमा आरोप लगाइएको छ ।

साहले अख्तियारमा दिएको उजुरीमा पूर्व अध्यक्षहरुले कर्मचारी समायोजनमा अनियमितता गरेको आरोप लगाएका छन् । कर्मचारीहरुका अनुसार उनले मृत्यु भइसकेका अध्यक्ष भोजराज घिमिरेमाथि समेत अख्तियारमा उजुरी दिएका छन् ।

अध्यक्ष साहले अनेक शीर्षकबाट अनुचित रुपमा रकम झिकेर माग्न थालेपछि कर्मचारीहरु कार्यालय छाड्न थालेको बताइएको छ । कार्यालयमा रहँदा अनेक प्रकारको दबाब दिने गरेकाले कार्यकारी निर्देशक र लेखापाल भाग्ने गरेको बताइएको छ । साहको अनुचित दबाबको कारण कर्मचारीहरु फस्ने डरले सशंकित बनेका छन् ।






# चाडपर्वमय बन्दै मिथिला



महोत्तरी । दशहारा (बडादसैँ)को नवरात्र जारी छ । दिवाली (तिहार) र छठपर्व दशहारालगत्तै नजिकिँदैछन् । यी सांस्कृतिक र पारम्परिक चाडबाडको तयारीले मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा पर्ने महोत्तरीमा उमङ्ग छाएको छ । चाडपर्वको रमझम र तयारीले मिथिला क्षेत्र अहिले उमङ्गित छ ।

वर्षमा दुईवटा नवरात्र (दसैँ)मनाइने मैथिल परम्परा छ । असोज शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्मलाई शारदीय नवरात्र र चैत शुक्ल प्रतिपदादेखि नवमीसम्मलाई वासन्ती नवरात्र भनिन्छ । दुवै नवरात्रमा देवी पूजन विधि समान भए पनि यहाँ शारदीय नवरात्र नै उल्लासका साथ मनाइँदै आइएको छ । शारदीय नवरात्रलाई मैथिल बोलीचालीमा दशहारा भनिन्छ ।

दशहारा पर्वमा जताततै देवी भजनका मङ्गलधुन गुन्जिरहेका छन् । बस्तीबस्तीमा देवी महिमाका भजन गाइने गरिएको छ । असोज शुक्लपक्ष सुरु भएसँगै देवी शक्तिपीठ, मन्दिर र प्रतिमास्थलमा दर्शनार्थी भक्तजनको लाम छ । देवी शक्तिपीठ र मन्दिरमात्र नभएर अहिले बस्तीबस्तीमा निर्मित देवी प्रतिमास्थलमा भक्तजनको घुइँचो छ। ठाउँ-ठाउँमा दुर्गा मेला आयोजन गरिएका छन् ।

पर्व लागेसँगै घर सिङ्गार्ने चटारो छ। पर्वका लागि सरसामानको जोहोमा सबै व्यस्त देखिन्छन् । सर्वसाधारण किसान भने खेतीपातीको चाँजो मिलाउँदैछन् । कतिका खेतमा धान पहेँलै भएर पाकेका छन् । तरकारी बालीको नियमित रेखदेख र पालोमा (सातामा दुईपटक टिप्ने र बजार लाने) बजार पुऱ्याउनुपर्ने अनिवार्य छ । किसानहरु खेतीपातीको व्यस्तताबीच पर्वको तयारीमा लागेका छन् । "चाडपर्वले छोपेका छन् । काम भ्याइनभ्याई छन्", आजै भाण्टा टिप्ने पालोमा एकाबिहानै तरकारी बारीमा भेटिनुभएका किसान बलदेव महतोले भन्नुभयो, "दशहारा पर्वको मेसो पनि यिनै फसल बेचेर त मिलाउने हो नि !" पर्वका सरसामानको जोहो मिलाउन पनि भाण्टा टिप्न र मुला उखेलेर बजार पुऱ्याउनै पर्ने महतोको भनाइ थियो ।

असोज पूर्णिमासँगै दसैँ सकिनासाथ अर्को मुख्य चाड तिहारको पक्ष प्रारम्भ हुने र त्यसलगत्तै छठपर्व पर्ने भएकाले सम्पूर्ण मिथिला अहिले पर्वको तयारीमा देखिन्छ । खेतीपातीदेखि सबै व्यावसायिक काम पनि अहिले पर्वकेन्द्रित बनेका छन् ।

दसैँ, तिहार र छठपर्वमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन् । खासगरी छठमा उखुका लाँक्रा, अदुवा, बेसारका गानो र पातसहितका बोट, ज्यामिर र अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन् । छठताका यिनको माग र बिक्री राम्रो हुने भएपछि थोरै करेसाबारी हुनेका उत्पादनले पनि बजार पाउँछन् ।

दशहारामा यहाँका बस्तीबस्तीमा पिङ हाल्ने काममा किशोर र युवा जुटेका छन् । बस्ती-बस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैँ जुटेका छन् । जताततै पर्वले मिथिला उमङ्गित देखिएको छ । रासस

# एपेक्स कलेज र आइएनजीबीच साझेदारीको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । एपेक्स कलेजले इन्नोभेट नेपाल ग्रुप (आईएनजी) सँग साझेदारीको घोषणा गरेको छ । साझेदारीपश्चात् आईएनजीको नेतृत्वमा अन्तर र्‍ाष्ट्रिय पद्धति र अभ्याससहितको नवीनतम व्यवस्थापन र आईटी पाठ्यक्रम सम्मिलित अध्यापन गराइने विज्ञप्तिमार्फत जनाइएको छ ।

नेपालमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने कार्यको नेतृत्व गर्दै आएका दुई संस्थाहरूबीचको यो साझेदारीले एपेक्स कलेजमा उपलब्ध हुने सिकाइ, प्रविधि, माध्यम र श्रोतसाधनको थप विस्तार हुने छ । साथै नया साझेदारीपछिको अध्यापनले बजार सुहाउँदो, युवामैत्री र अविस्मरणीय कलेज अनुभव प्रदान गर्ने र नेपालमै उच्च शिक्षाको उन्नतिलाई सघाउ पुग्ने विश्वास छ ।

सन् २००० मा डा. मिनेन्द्र रिजालको नेतृत्वमा रहेको समूहले मानव पुँजी विकास गर्ने उद्देश्य राखेर स्थापना गरेको एपेक्स कलेजले नेपालको व्यवस्थापन शिक्षाका साथै समग्र शैक्षिक क्षेत्रमै दीर्घकालीन छाप छोड्न सफल भएको सबैमा बिदितै छ ।

२३ वर्षअघि पोखरा विश्वविद्यालयको सम्बन्धनमा बिबिए र बिसिआइएस कार्यक्रममार्फत आफ्नो सेवा आरम्भ गरेको थियो । यो कलेजले हाल समग्रमा १५ भन्दा बढी विशेषज्ञता सामेल स्नातक र स्नातकोत्तर दुवै तहका लागि मास्टर अफ बिजनेश एडमिनिस्ट्रेसन (एमबिए), एमबिए इभिनिङ, ब्याचलर अफ बिजनेश एडमिनिस्ट्रेसन (बिबिए), बिबिए इन ब्यांकिङ एन्ड इन्स्योरेन्स, बिबिए इन ट्राभल एन्ड टुरिज्म र ब्याचलर अफ कम्प्युटर सिस्टम एन्ड इन्फर्मेशन टेक्नोलोजी (बिसिएसआइटी) गरेर ६ प्रकारका विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन गर्दैआएको छ । देशमा व्यावस्थापनमै सूचना प्रविधिको मिश्रण सहितको शैक्षिक कार्यक्रम संचालन गर्ने सबैभन्दा पहिलो कलेजको रूपमा चिनिएको एपेक्ससँग हाल विश्वभर छरिएका दक्ष व्यवसायिक व्यत्तित्वहरू, व्यावस्थाक तथा उद्यमीहरूको एक बलियो पूर्व विद्यार्थीको सञ्जाल रहेको छ । जसले यो कलेजलाई नेपालकै सबैभन्दा ठुलो मात्र नभइ एक प्रमुख बिजनेश स्कुलको रूपमा स्थापित गराएका छन् ।

इन्नोभेट नेपाल ग्रुप (आइएनजी) अन्तराष्ट्रिय योग्यता र विश्वव्यापी विज्ञतालाई स्थानीय सन्दर्भसँग मिश्रण गर्दै नेपाल लगायत केही एसियाली मुलुकहरुमा उच्च शिक्षामा नवीनतम प्रविधी भित्र्याउन लागिपरेको शिक्षा र प्रविधिमा काम गर्ने कम्पनी हो । आइएनजी समूहले गरेको अग्रणी कार्यहरूको सर्वत्र प्रसंशा भएको छ भने सन् २०१४ मा नेपाल सरकार शिक्षा मन्त्रालयले सो कार्यहरूलाई सम्मानित समेत गरीसकेको छ ।

अहिले आइएनजी समूहसँग इस्लिङटन कलेज लगायत विभिन्न विभिन्न ७ उच्च शिक्षा संस्थाहरू, माइ सेकेन्ड टिचर नामक अन्तराष्ट्रिय शिक्षा प्रविधी प्लाटफर्म, इन्नोभेट टेकको रूपमा एक स्थापित आइटी कम्पनी र साइवर सुरक्षा सम्बन्धी सेवा प्रदान गर्ने भैरव टेक्नोलोजिज लगायतका स्थापित व्यवसायिक संस्थाहरू आवद्ध छन् । जसले दक्षिणपूर्वी एसियाका विभिन्न देशमा शिक्षा प्रविधी क्षेत्रमा उल्लेख्य योगदान पुर्याउँदै आएका छन् ।

# दसैँका यात्रु बोक्ने चालकले लापसे गरेर गाडी चलाएको भेटियो

काठमाण्डु । दसैँका अवसरमा यात्रु बोक्ने सार्वजनिक सवारी साधनका चालकले लागुपदार्थ सेवन (लापसे) गरेर गाडी चलाएको भेटिएको छ । चाडपर्व लक्षित विशेष जाँच अभियानका क्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले यसरी लापसे गरेर सवारी चलाउने चार जनालाई पक्राउ गरेको हो । तीमध्ये दुई जना ट्रकका चालक भए पनि दुई जना भने दसैँका यात्रु बोक्ने बसका चालक रहेका छन् ।

विशेष जाँच अभियानका क्रममा क्रममा काठमाडौंको नागढुङ्गामा लागुपदार्थ सेवन (लापसे) गरी सवारीसाधन चलाउँदै गरेका उनीहरूलाई पक्राउ गरी कारबाही अघि बढाइएको कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले आज जानकारी दिनुभयो ।

उहाँका अनुसार ना७ख ५३२ नम्बरका ट्रकचालक धादिङको थाक्रेगाउँपालिका-२का२९वर्षीय रामकुमार सुवेदी, बा४ख ५७४८ नम्बरका बसचालक काठमाडौंको तारकेश्वर नगरपालिका-१ का २६ वर्षीय दिपेश सापकोटा, प्रदेश३०१००६ख २५४६ नम्बरका ट्रकचालक काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-९ का ३१ वर्षीय रामकुमार गौतम र ना६ख ९६९३ नम्बरका बसचालक कैलालीको धनगढी उपमहानगरपालिका-१ बस्ने ४४ वर्षीय दीप श्रेष्ठलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका चारै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त थानकोट पठाइएको उहाँले बताउनुभयो । आफू सवार सवारीसाधनका चालकले लागुपदार्थ तथा मादक पदार्थ सेवन गरेको शङ्का लागेमा र यात्राका क्रममा कुनै समस्या परेमा यात्रुले तत्काल नजिकैको यात्रु सहायताकक्ष, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नं १०३ र प्रहरीको हटलाइन नं १०० मा खबर गर्नसमेत ट्राफिक प्रहरीले अनुरोध गरेको छ ।

नेपालीहरूको महान् चाड विजयादशमी, शुभ दीपावली र छठपर्वलाई मध्यनजर गरी काठमाडौं उपत्यकाको विभिन्न स्थानमा ट्राफिक प्रहरीले विशेष जाँच अभियान चलाइरहेको छ । चाडपर्व मनाउन उपत्यका बाहिर जाने यात्रुको सुरक्षा, सहज आवातजावत, सवारी चाप व्यवस्थापन तथा चाडपर्वलाई दुर्घटनारहित बनाउने उद्देश्यले उपत्यकाका विभिन्न स्थान तथा नाकामा मापसे, लापसेलगायतका अन्य विशेष सवारीसाधन तथा चालकमाथि ट्राफिक प्रहरीले जाँच गर्दै आएको छ ।

चाडपर्वको मौका छोपी सवारीसाधनको क्षमताभन्दा बढी यात्रु राख्ने, बढी भाडा लिने, टिकटमा कालोबजारी गर्ने र यात्रुलाई गन्तव्यमा नपुर्याई बाटोमै अलपत्र पार्नेजस्ता कार्यको अनुगमनका लागि सादा पोशाकमा समेत ट्राफिक प्रहरी परिचालन गरिएको भट्टले बताउनुभयो ।रासस

# थिएटरमा नाटक हेर्ने दर्शक बढे

झापा । झापामा आधुनिक थिएटरमा नाटक हेर्ने दर्शक बढ्दै गएका छन् । यो साता जिल्लाको दमक र काँकडभिट्टामा दुई अलगअलग थिएटरमा मञ्चन भएका नाटकले वाहवाही पाएका छन् ।

परिवर्तन थिएटरले आदिवासी मेचे समुदायको कथावस्तुमा आधारित 'म्लेच्छ' नामक नाटक मञ्चन गऱ्यो भने दमकको कदम थिएटरले प्रसिद्ध साहित्यकार इन्द्रबहादुर राईको ' जयमाया आफूमात्रै लिखापानी आइपुगी' नामक प्रस्तुत गरेको थियो ।

'म्लेच्छ'का लेखक पर्वत पोर्तेलले दर्शकबाट पाएको माया र प्रतिक्रियाबाट आफू उत्साहित बनेको बताउनुभयो । अघोरी जङ्गल फाँडेर बसोबास गरेका आदिवासीहरू कसरी आफ्नो थातथलोबाट बेदखल भए र उनीहरूमाथि राज्यले कसरी विभेद गऱ्यो भन्ने इतिहासलाई नाटकमार्फत प्रस्तुत गरिएको यहाँले जानकारी दिनुभयो ।

जिल्लामा थिएटरमा नाटक हेर्ने संस्थागत चलन सुरु भएको एक दशकभन्दा धेरै भएको छैन । छोटो अवधिमै कलाकारको मेहनत र दर्शकको मायाले थिएटर संस्कृति मौलाएको छ । आजसम्म मञ्चन हुने नाटक 'म्लेच्छ'ले एक सातामा पाँच हजार दर्शक बटुलेको बताइएको छ ।

कदम थिएटरमा प्रस्तुत ' जयमाया आफूमात्रै लिखापानी आइपुगी' हेर्न दर्शकको घुइँचो लागेको थिएटरका महासचिव कमनदेवानले बताउनुभयो। उहाँका अनुसार यसअघिका नाटकमा पनि दर्शकको उपस्थिति धेरै रहने गरेको थियो ।

दोस्रो विश्वयुद्धमा बर्मा (हाल म्यान्मार)मा जापानी फौजले आक्रमण गरेपछि त्यहाँका नेपालीमूलका बासिन्दा ज्यान जोगाउन कयौँ रात र दिन जङ्गलको बाटो हिँडेका थिए । त्यही क्रममा जयमाया कसरी लिखापानी भन्ने ठाउँमा एक्लै आइपुगिन् भन्ने कथा इन्द्रबहादुर राईले लेख्नुभएको थियो । नाटकमा त्यही कथा देखाइएको देवानले जानकारी दिनुभयो ।

झापाको बिर्तामोडमा क्षितिज नाट्य समूहले आधुनिक नाटकघर र सङ्ग्रहालय निर्माणका लागि अभियान सञ्चालन गरिरहेको छ । "यहाँ नाटक मन पराउने र माया गर्ने दर्शकको खाँचो छैन", क्षितिज नाट्य समूहका अध्यक्ष माधव कल्पितले भन्नुभयो, "सरकारी तहबाट चाहिँ यसको महत्व नबुझेको देख्दा अचम्म लागेर आउँछ ।"

काँकडभिट्टामा सुविधासम्पन्न आधुनिक थिएटर बनाउन परिवर्तन थिएटरले पहल गरेको आधा दशक बिते पनि हालसम्म थिएटरले जग्गा र दाता नभेटेको थिएटरकी अध्यक्ष कविता नेपालले बताउनुभयो । उहाँले नगरपालिकाले पनि सहयोग नगरेको बताउनुभयो ।रासस

# ऊर्जा क्षेत्रको दिगो विकासका लागि योजनाबद्ध प्रयास



काठमाण्डु । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको ऊर्जा क्षेत्रको दिगो विकासका लागि सरकारले योजनाबद्ध प्रयास अगाडि बढाएको बताउनुभएको छ ।

एसिया-प्रशान्त क्षेत्रको तेस्रो इनर्जी फोरमलाई आज थाइल्याण्डको राजधानी बैङ्ककमा सम्बोधन गर्दै मन्त्री बस्नेतले आगामी १२ वर्षभित्र थप २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यका साथ नेपाल सरकारले दीर्घकालीन नीति तर्जुमा गरेको बताउनुभयो ।

हाल प्रणालीमा दुई हजार आठ सय मेगावाट बराबरको बिजुली जोडिएको जानकारी दिँदै मन्त्री बस्नेतले नेपालमा नदी प्रवाह, अर्धजलाशय र जलाशयमा आधारित विद्युत् आयोजनाको अधिक सम्भाव्यता रहेको तथा सौर्य ऊर्जाको पनि उत्तिकै सम्भाव्यता रहेको जानकारी दिनुभएको मन्त्री बस्नेतको सचिवालयले जनाएको छ ।

नेपालको भौगोलिक विविधताका कारण अफ ग्रिड प्रणालीको आवश्यक भएको उल्लेख गर्दै उहाँले साना र मझौला प्रकृतिका प्रसारण प्रणालीमार्फत नवीकरणीय ऊर्जाको वितरण भइरहेको बताउनुभयो । ऊर्जा सुरक्षालाई नेपालले प्राथमिकतामा राखेको तथा खपत गरेर बचत भएको बिजुलीको व्यापारका लागि सीमापार व्यापारका प्रयासबारे जानकारी दिनुभयो । सरकारले आन्तरिक खपत बढाउनका लागि प्रसारण तथा वितरण लाइनको सुधार, प्रणालीको क्षमता वृद्धि, स्वच्छ ऊर्जा प्रवर्द्धन, स्वदेशी तथा विदेशी सार्वजनिक-निजी लगानी परिचालन गरी उत्पादन, प्रसारण, वितरण तथा व्यापार विस्तार चाहेको बताउनुभयो । साथै उहाँले नेपालको ऊर्जा क्षेत्रमा लगानीका लागि अन्तर्राष्ट्रिय लगानीकर्तालाई आह्वान गर्नुभयो ।

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको जानकारी दिँदै वातावरणीय सुरक्षाका लागि पनि नवीकरणीय ऊर्जालाई नै प्राथमिकता दिएको बताउनुभयो । नेपालले सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई शून्यमा झार्ने लक्ष्यका साथ काम गरिरहेको बताउनुभयो । उहाँले जलवायु परिवर्तनका असर घटाउन अन्तर्राष्ट्रिय समुदायको साथ र सहयोगको नेपालले अपेक्षा गरेको बताउनुभयो । रासस

# राजदेवी मन्दिरलाई धार्मिक पर्यटकीय सूचीमा समावेश गरिने

सिरहा । मधेश प्रदेशसभामा आउँदो पर्यटनसम्बन्धी विधेयकमा सिरहाको राजदेवी पञ्चावती मन्दिरलाई धार्मिक पर्यटकीय सूचीमा समावेश गरिने भएको छ ।

मधेश प्रदेशसभा सचिवालयद्वारा संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहयोग तथा नेपाल मधेस फाउन्डेसनको सहकार्यमा सिराहाको लहान नगरपालिका-१५ ढोढनास्थित मन्दिरको धर्मशालामा आयोजित कार्यक्रममा स्थानीय जनताको गुनासो सम्बोधन गर्दै प्रदेश सांसदले उक्त मन्दिरलाई धार्मिक पर्यटकीय सूचीमा समावेश गर्ने प्रतिबद्धता जनाएका हुन् । जिल्लामा व्याप्त बेरोजगारी, खस्किँदो शिक्षाको स्तर, सरकारी कामकाजमा आफूहरुले भोग्नु परेका असहजता, कृषि, सिँचाइलगायत विषयमा सहभागीले गुनासो राखेका थिए ।

नागरिकका गुनासोहरुको सम्बोधन गर्दै प्रदेश सांसद् तथा प्रदेशका पूर्वभौतिक पूर्वाधार विकासमन्त्री रामसरोज प्रसाद यादवले आफूले विकास समितिमा तथा प्रदेशसभामा नागरिकका गुनासोहरु उठाउने तथा सम्बोधन गर्न सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले पर्यटनसम्बन्धी विधेयकमा सिरहाको राजदेवी मन्दिरलगायत पर्यटकीय क्षेत्र सलहेस, कमलदह, बाबाताल, हात्तीदहलाई विधेयकमा समेटिने जानकारी दिनुभयो । कार्यक्रममा विकास समितिका सांसदहरु रामसरोज यादव, रत्नेश्वरलाल गोइत, राजेन्द्रप्रसाद चौधरी र शम्भुकुमार साहको उपस्थिति थियो । उहाँहरुले सिँचाई, कृषिको आधुनिकीकरण र व्यावसायिकीकरण, विद्युतीकरण, चुरे संरक्षणलगायत विषयमा तीन तहको सरकार मिलेर समस्या समाधान गर्नुपर्नेमा जोड् दिनुभएको थियो । रासस


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : नयाँ कार्य हुने । |
| कंकट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : धन बृद्धि सञ्चय । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



कृषि उपज खेर जाने समस्या सामाधान गर्न सप्तरीको राजविराज नगरपालिका-१५, देउरी भरुवामा निर्माण थालिएको सहकारी शीतभण्डार (कोल्ड स्टोर) अहिले अलपत्र अवस्थामा। निर्माणाधीन सहकारी शीतभण्डार तीन बर्षअगाडि बजेट अभावका कारण निर्माण कम्पनीले काम छाडेका छन्। *तस्बीर : रासस*

# जमिन भासिएको स्थानका प्रभावितलाई तत्काल मासिक घर भाडा दिइने

काठमाण्डु । नागढुङ्गा सुरुङमार्गको पूर्वी खण्डको बस्ती नजिक जमिन भासिएको स्थानका पीडितलाई मासिक घर भाडाको व्यवस्था मिलाउन लागिएको छ । यसका लागि चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरीले पलह थाल्नुभएको छ।

चन्द्रागिरि नगरपालिका, नगरस्तरीय विपद् व्यवस्थापन समितिको बिहीबारको बैठकले पीडिलाई तत्काल मासिक घर भाडाको व्यवस्था गर्न सिफारिस गर्ने निर्णय गरेको हो । बैठकले जमिन भासिएको स्थानको प्रभावित क्षेत्रका बासिन्दाहरुलाई स्थानान्तरण गर्न मासिक रु २० हजारदेखि रु २५ हजारसम्म घर भाडा व्यवस्थापन गर्न तथा थप घर प्रभावित भएमा सोहीअनुसार घर भाडा उपलब्ध गराउने गरी जिल्ला प्रशासन कार्यालय तथा अन्य सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरेको छ।

बैठकमा नगरप्रमुख गिरीले बैठकमा तत्काल ११ घर परिवारको विवरण सङ्कलन भएको र उनीहरुलाई तत्काल स्थानान्तरण गरिने जानकारी गराउँदै थप प्रभावित भएमा सोहीअनुसार व्यवस्थापन गरिने बताउनुभएको थियो।

उहाँले सुरुङमार्ग आयोजनाले तीन महिनाभित्र विस्तृत भौगोलिक सर्वेक्षण प्रतिवेदन उपलब्ध गराएपछि प्रभावित क्षेत्र घोषणालगायत मुआब्जा र अन्य विषयमा छलफल गरिने बैठकमा जानकारी गराउनुभएको थियो।

नगरप्रमुख गिरीले भन्नुभयो, "नागढुङ्गा सुरुङमार्गको पूर्वी खण्डको बस्ती नजिक जमिन भासिएको स्थानका प्रभावित घरलाई तत्काल स्थानान्तरण गर्न घर भाडा उपलब्ध गर्न सिफारिस गरिएको छ । मुआब्जा र अन्य विषयमा पूर्ण भौगोलिक सर्वेक्षण प्रतिवेदन पछि थप निर्णय गरिने छ ।" बैठकमा नगरपालिकाका उपप्रमुख वसन्ती श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्याल, नगरपालिकाको विभिन्न विषयगत समितिका संयोजक, सुरक्षा संयन्त्रका प्रतिनिधि, सङ्घर्ष समितिका प्रतिनिधि, विभिन्न राजनीतिक दलका नेता साथै निर्माण आयोजनाका प्रतिनिधि उपस्थिति रहेको थियो।

राष्ट्रिय गौरवको नागढुङ्गा सिस्नेखोला सुरुङमार्गको मुख्य टनेल 'ब्रेकथ्रु' अवस्थामा पुगेको बताइएको छ। मुख्य सुरुङमार्गको लम्बाइ दुई हजार छ सय ८८ मिटर र आकस्मिक टनेल 'रेस्क्यु टनेल' दुई हजार पाँचसय ७५ रहेको छ।

**यसरी गरिएको थियो सहजीकरण**

चन्द्रागिरि नगरपालिकाले सडक पूर्वाधारका क्षेत्रमा बहुप्रतिष्ठित सो आयोजनालाई अगाडि बढाउन सुरूआती चरणदेखि निरन्तर स्थानीय तहमा आवश्यक सहयोग तथा समन्वय प्रदान गरेकै कारण सुरुङमार्ग निर्माण अन्तिम चरणमा पुगेको बताइएको छ । नगरपालिकाले काठमाडौँतर्फको आयोजना प्रभावितलाई मुआब्जा



वितरण तथा अन्य गुनासा सम्बोधन गर्न सहजीकरण गरेको थियो। यस प्रक्रिया अहिले पनि जारी छ। नगरप्रमुख गिरीले भन्नुभयो, "नगरपालिकाको साथ र सहयोगको सुनिश्चितताले मात्र सुरुङमार्ग आयोजना कार्यान्वयनमा आएको हो । विशेष गरी सुरुङमार्ग बनाउन काठमाडौँतर्फको समस्या मेरो पहलबाट सम्बोधन हुँदै आएका छन्।"

नगरपालिकाका वडा नं १, ३ ५, ७ र १२ का स्थानीयवासी आयोजनाबाट बढी प्रभावित छन् । उनीहरुलाई उचित मुआब्जा दिलाउन तथा आयोजना प्रभावित क्षेत्रमा खानेपानी तथा अन्य पूर्वाधारका विकास गराउन नगरप्रमुख गिरीले विशेष चासो र सक्रियता देखाउँदै आउनुभएको छ।

सुरुङमार्ग बनाउन सरकारले अधिग्रहण गरेका जग्गामध्ये काठमाडौँमा दुई सय ६७ र धादिङमा एक सय नौ रोपनी पर्छ। तीमध्ये अधिकांशले मुआब्जा पाइसकेको बताइएको छ। उहाँले भन्नुभयो, "सुरुङमार्गको सम्भाव्यता अध्ययनदेखि नै स्थानीयवासीले आयोजनाका विरुद्धमा आवाज उठाउन थाले । आयोजना नै फिर्ता हुने त होइन भन्ने खतरा थियो । चन्द्रागिरि नगर तथा देशको प्रतिष्ठासँग गाँसिएको आयोजना कार्यान्वयन गर्नुपर्छ भन्ने मेरो दृढ मान्यता थियो । विकास गर्दा विनाश हुनसक्छ तर स्थानीयवासीलाई संलग्न गराएर गरिने विकास दिगो हुन्छ । यही मान्यतालाई कार्यान्वयन गर्न अहोरात्र ध्यान दिएँ। आयोजना प्रभावितका उचित मागलाई सम्बोधन गराउन सङ्घीय सरकारसँग अनेकौँ तह र चारणमा वार्ता गरेँ । प्राथमिकताका साथ पीडितका कुरा उठाएँ। उनीहरुलाई अधिकतम मुआब्जा दिलाउन सफलसमेत भएँ । आयोजनालाई कार्यान्वयनमा उतार्न समन्वन्वकारी भूमिका निर्वाह गरेँ । सङ्घीय सरकारले कार्यान्वयनमा ल्याएको आयोजनामा नगरपालिकाको भरपुर साथ र सहयोग मिलेको छ।"

सरकारले आयोजना प्रभावित क्षेत्रमा पहिलो चरणमा बाटो नपुगेको जमिनलाई समेत प्रतिआना रु १० लाख तथा अन्य जमिनलाई अधिकतम रु ४६ लाखसम्म मुआब्जा प्रदान गरेको थियो। दोस्रो चरणमा 'फ्लाइओभर' बनाउने क्षेत्रका जमिनलाई न्यूनतम प्रतिआना रु ५७ लाख, पक्की घरका लागि छुट्टै, सबै जमिन परेकालाई थप १० प्रतिशत तथा घरटहरा हटाउन थप रकम प्रदान गरिरहेको जनाइएको छ । सवारीसाधन आवतजावतका लागि निर्माणाधीन नेपालकै पहिलो सो सुरुङमार्ग आयोजनाले नगरप्रमुख गिरीकै प्रस्तावअनुसार चन्द्रागिरि-२ मा रु १४ करोडको खानेपानी योजना सम्पन्न गरिदिएको छ।

आयोजना प्रभावित वडा १ मा स्थानीयवासीका मागअनुसार खानेपानी योजना निर्माणाधीन छ भने अन्य सांस्कृतिकस्थल तथा मन्दिर संरक्षण गरिदिने आयोजनाले प्रतिबद्धता जनाएको छ। सो सुरुङमार्ग चन्द्रागिरि-३ टोटेपाखाबाट सुरु भई धादिङको धुनिबेँसी नगरपालिका-९ सिस्नेखोला निस्कने छ । नेपाल र जापानबीच दौत्य सम्बन्ध स्थापनाको ६०औँ वर्षगाँठका अवसरमा कार्यान्वयनमा आएको सो आयोजना विसं २०७६ कात्तिक ४ गते शिलान्यास गरिएको हो।रासस

# मिथिलाको लोकनृत्य 'झिझिया' को लोकप्रियता बढदै

टुडे समाचारदाता

जनकपुरधाम। केही वर्षयता ओझेलमा पर्दै गएको दशमीमा जादूटोनाबाट बच्ने मिथिलाको लोकनृत्य झिझिया स्थानीय संघ संस्थाको पहलमा जोगिन थालेको छ। केही वर्षदेखि विजयादशमीको अवसरमा विभिन्न शक्तिपीठहरुमा स्थानीय संघ संस्थाहरुले आयोजना गर्ने पूजनोत्सवमा झिझिया नृत्य गराउन थालेपछि यसको लोकप्रियता बढदै गएको छ । अहिले दशैंमा प्रत्येक चोक चोकमा माता राजदेवीदेखि बौद्धी माई लगायत दर्जनौ शक्तिपीठहरुमा सांस्कृति कार्यक्रमको रुपमा झिझिया नृत्य गरिदैछ। झिझिया नृत्य हेर्न शक्तिपीठहरुमा सयौंको भीड लाग्ने गरेको छ।

दशैं बाहेक विभिन्न राजनीतिक र सांगठनिक कार्यक्रमहरुमा समेत झिझिया नृत्यलाई विशेष स्थान दिन थालिएको छ। तराई मधेशका दलित समुदायका मुसहर जातिका महिलाले गर्ने यो लोकनृत्य उनीहरुको रोजगारको माध्यम समेत बन्न थालेको छ। अहिले झिझिया नृत्य गर्ने महिलाहरुलाई फुर्सत छैन। एक दिनमा ३/४ वटासम्म सट्टा भ्याई दिन्छ।

यो नृत्य मुसहर जातिको पूर्वजदेखि गरिदैं आएको परम्परा र पेशा पनि हो। अहिले एउटा सट्टाको दशैंभरिको पचास हजार रुपैयाँसम्म लिने गरिएको



छ। सामूहिक रुपमा गरिने यो नृत्यमा ५/६ जनाको समूह हुन्छ । दशैं अवधिभरिमा झिझिया नृत्य गर्ने एउटा महिला २५/३० हजार रुपैयाँसम्म कमाउने गरेको छ। मुसहर जातिका लागि परम्परा र पेशा भएपनि यस नृत्यलाई जादूटोनाबाट बच्ने माध्यमको रुपमा लिने गरिन्छ।

घटस्थापनादेखि विजय दशमीसम्म देवी स्तुतिको रुपमा गरिने यो झिझिया नृत्य मुसहर जातिका लागि परम्परा नभइ मिथिलाको पनि परम्परा हो र यसले बोक्सीबाट आफ्नो सन्तान र समाजको सुरक्षाका हुने गरेको झिझिया नृत्य गर्ने महिला बचियादेवी सदा बताउंछिन। यस्तै अर्का झिझिया नृत्य गर्ने महिला लसियादेवी सदा भन्छिन हाम्रो पूर्वजैदेखि गरिँदै आएको यो झिझिया नृत्य हाम्रा लागि पेशा भएपनि समाजका बालबालिकाहरुलाई धामी झाक्री र बोक्सीको जादूटोनाबाट बचाउने अचूक उपाय पनि हो।

झिझिया मिथिलाञ्चलमा गरिने लोक नृत्यहरुमध्ये एक विशिष्ट प्रकृतिको नृत्य हो । दशैंको आगमनसंगै समापनसम्म मिथिलाको यो लोकनृत्य गर्ने गरिन्छ। तराई मधेशका दलित समुदायका मुसहर जातिका महिलाद्वारा गरिने यो नृत्य पूर्णतान्त्रिक विधि अनुसार गरिन्छ । यो नृत्य एक विशिष्ट प्रकारको कला पनि हो। यो नृत्य गर्न सबैसँग सम्भव हुँदैन। सयौं प्वाल पारिएका घैटोंभित्र दिप बालेर टाउकोमा ६/६ वटासम्म राखेर नृत्य गरिन्छ। नृत्य गर्दासम्म ती दिप बुझ्न नपाउने र घैंटोमा पारिएका प्वाल कसैले गनन नपाउने परम्परा रहेको कारण यो नृत्य गर्नु सबैसँग सम्भव हुँदैन।

बलिरहेको दियो तथा असंख्य प्वाल पारिएको घैंटो टाउकोमा गरिने नृत्य वैदिक र तान्त्रिकसँग सम्बन्धित रहेको छ। वैदिक परम्पराको रुपमा रहेको घट नृत्य नै कालान्तरमा मिथिलामा झिझिया नृत्य रहेको संस्कृतिविद डा. राजेन्द्र विमल बताउँछन् । यो मिथिलामा मात्र नभइ राजस्थानमा समेत गरिन्छ।

झिझिया नृत्यको आफ्नै सुर र ताल हुन्छ । त्यो विशेष सुर र तालमा तथा झिझियाको गीतमा झुमी टाउकोमा घैंटो राख्ने महिला चारैतिर फन्को मार्दै नृत्य गर्दै जाँदा अद्भूत वातावरणको निर्माण भएको हुनाले यो अन्धविश्वास नभई यसभित्र गहिरो दर्शन लुकेको उनको भनाई छ । झिझिया लोकनृत्य तराई मधेशका धनुषा लगायत महोत्तरी, सिरहा, सर्लाही, बारा, पर्सा सहितका पूर्वदेखि पश्चिमसम्मका जिल्लामा गरिने गरिन्छ । नेपालमा मात्र नभइ छिमेकी मुलुक भारतको मिथिला क्षेत्रमा समेत गरिन्छ।

# पछिल्लो २४ घण्टामा एक लाखले छाडे उपत्यका



काठमाण्डु । दसैंको मुख्य दिन नजिकिएसँगै उपत्यका छाड्ने यात्रुको सङ्ख्या बढिरहेको छ। पछिल्लो २४ घण्टामा एक लाखले उपत्यका छाडेका छन्।

शुक्रवार बिहानसम्मको अद्यावधिक विवरणअनुसार सार्वजनिक सवारीसाधनमार्फत पछिल्लो २४ घण्टामा एक लाख यात्रु बाहिरिएका काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले राससलाई जानकारी दिनुभयो। योसँगै घटस्थापनापछि आजसम्म कुल चार लाख ६६ हजार नागरिक दसैं मनाउन काठमाडौँ उपत्यका छाडेर गएका उहाँले बताउनुभयो।

घटस्थापनापछि क्रमशः उपत्यकाबाट बाहिरिने नागरिकको सङ्ख्या बढ्न सुरु भएकामा पछिल्लो तीन दिनदेखि अत्यधिकरूपमा बढेको भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार घटस्थापनाको दिन असोज २८ गते ५१ हजार दुई सय ७९ र त्यसको भोलिपल्ट ५१ हजार तीन सय ८७ जनाले उपत्यका छाडेकामा त्यसपछि भने त्यो सङ्ख्या बढेको हो। असोज ३० गते ७३ हजार आठ सय ९६, कात्तिक १ गते ९१ हजार एक सय दुई र २ गते ९८ हजार तीन सय ३२ जनाले उपत्यका छाडेका छन्।

शुक्रबार बिहानसम्ममा एक लाखले उपत्यका छाडेका प्रहरी वरिष्ठ उपरीक्षक भट्टले जानकारी दिनुभयो। निजी सवारीसाधनमार्फत जानेहरूको सङ्ख्या गणना नहुने भएकाले अझै धेरै सङ्ख्यामा नागरिक उपत्यका छाडेको प्रहरीले जनाएको छ।रासस

# सप्तरीका शक्तिपीठमा भक्तजनको भीड

राजविराज । नेपालीको महान् चाड बडादसैं सुरु भएसँगै सप्तरीका विभिन्न धार्मिकस्थलहरुमा श्रद्धालु भक्तजनको चहलपहल बढेको छ।

मधेश प्रदेशको सप्तरीस्थित छिन्नमस्ता गाउँपालिकामा रहेको प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिरको शक्तिपीठ दर्शनार्थीको चहलपहल बढेको छ । जिल्लाका दुई शक्तिपीठसहित यस वर्ष भने विभिन्न मन्दिरमा पनि दर्शनार्थीको चहलपहल भइरहेको छ। नेपालकै प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिरमा घटस्थापनादेखि नै ठूलो सङ्ख्यामा श्रद्धालु भक्तजन पूजापाठ गर्नका लागि आउने गरेको छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले बताउनुभयो। विजयीदशमी सुरु भएको आज छैटौँ दिन हजारौँको सङ्ख्यामा भगवतीको दर्शन एवं पूजापाठका लागि भक्तजन आएको उहाँले जानकारी दिनुभयो । छिन्नमस्ता भगवती मन्दिरमा छिमेकी मुलुक भारतबाट समेत दैनिक हजारको सङ्ख्यामा यहाँ श्रद्धालु भक्तजन आउने गरेको छिन्नमस्ता मन्दिरका पीठाधीश एवं मूल पुजारी महाकान्त ठाकुरले बताउनुभयो।

यस्तै, सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ स्थित भारदहमा रहेको कङ्कालनी भगवती मन्दिरमा भक्तजनको निकै भीड लागेको छ । पूर्व-पश्चिम राजमार्ग छेउमा अवस्थित सो मन्दिरमा पनि घटस्थापनादेखि आज छैटौँ दिन बिहानदेखि मन्दिरमा लाइनमा बसेर भक्तजन पूजाआजा गरिरहेको नगरप्रमुख वीरेन्द्र माझीले जनाकारी दिनुभयो।

महानवमीका दिन यहाँ पशु बलि हुने दिन लाखौँको सङ्ख्यामा भक्तजनको भीड लाग्ने गर्दछ । नवमीका दिन अत्यधिक भीडका कारण भक्तजनलाई हुने




असुविधालाई ध्यानमा राखी व्यवस्थित रुपमा यहाँ स्वयंसेवक परिचालन गर्नाका साथै मन्दिर क्षेत्रमा सरसफाइ गरिनाका साथै मन्दिरलाई सिङ्गारिएको मन्दिर विकास समितिका सचिव प्रभु मण्डलले जानकारी दिनुभयो। मन्दिर विकास समितिका सचिव मण्डलका अनुसार कङ्कालिनी मन्दिरमा पूजा गर्ने भक्तजनको अत्यधिक घुइँचो हुन नदिन पूजा गर्नेहरुको छुट्टै पङ्क्ति र खसीबोका बलि दिने भक्तजनको छुट्टै पङ्क्ति लगाउने व्यवस्था गरिएको छ।

महानवमीका दिन राँगा बलि हुने महिषासुरको परिसरमा राँगाको पङ्क्ति लगाउने छुट्टै टोली, बलि प्रदान गराउने छुट्टै टोली र राँगा तानेर बाँधसम्म पुर्याउने छुट्टै टोलीको व्यवस्था गरिएको मन्दिर विकास समितिले जनाएको छ । मन्दिरमा पूजा गर्ने भक्तजनको सुविधाका लागि गाउँका अत्यधिक सङ्ख्यामा युवा परिचालन गर्ने गरिएको छ। छिमेकी मुलुक भारतबाट समेत दैनिक कङ्कालनी मन्दिरमा दर्शनार्थी दर्शन गर्न आउने गरेका छन् । विजया दशमीका अवसरमा छिन्नमस्ता भगवती र कङ्कालनी मन्दिरमा बलिसमेत गरिने हुनाले भारतको विहार र नेपालको राजधानी काठमाडौँसहित विभिन्न ठाउँबाट दर्शनका लागि भक्तजन यहाँको शक्तिपीठमा आउने गरेका छन्।

यस्तै, सप्तरीको सदरमुकाम राजविराजमा रहेको भगवती मन्दिर, राजदेवी मन्दिरमा बिहानदेखि भक्तजनको घुइँचो लागेको छ । घटस्थापनाका दिन शुभसाइतमा गहुँ, जौको जमरा राखी विजयदशमीको दिन माता भगवतीलाई अर्पण गरी प्रसादका रुपमा लगाइने गरेको छ। गहुँ तथा जौको नवअङ्कुर लगाउनाले सुख, शान्ति, समृद्धि र स्वास्थ्य लाभ हुने पौराणिक मान्यता रहेको पण्डित मृकुन्जाइ झाले बताउनुभयो । नवरात्रिसम्म पूजा गरेर अनुरित जमराको रस बनाएर खानाले विभिन्न रोग निको हुने बताउँदै पौराणिक मान्यताअनुसार निधारमा विजयस्वरुप टीका लगाएर जयरा शिरमा राख्दा शिरको पीडा मानसिक अशान्तिबाट टाढा हुने उहाँको भनाइ छ। रासस

जनकपुर टुडे



# दूर्गा पूजाको सातौ दिन कालरात्रीको पूजा



*एकवेणी जपाकर्णपूरा नग्ना खरास्थिता।*
*लम्बोष्ठी कर्णिकाकर्णी तैलाभ्यक्तशरीरिणी।।*
*वामपादोल्लसल्लोहलताकण्टकभूषणा।*
*वर्धनमूर्धध्वजा कृष्णा कालरात्रिर्भयंकरी।।*

वडा दशैंको सातौ दिन अत्यन्त महत्वपूर्ण मानिन्छ ।दूर्गा माताको सातौ स्वरुपलाई कालरात्रीको रुपमा पुजा गरिन्छ । कालो वर्ण भएकी खप्पड र खड्ग धारण गरेकी असुर शक्तिलाई विनाश गर्ने माता कालीको कालरात्रीको रुपमा पूजा गरिन्छ ।

उहाँको नामले नै माताको कल्याणकारी स्वरुपको वर्णन हुन्छ ।उहाँको शरिरको रंग अत्यन्त अँध्यारो देखिने कालो छ ।नामले नै उहाँको भयानक स्वरुपको वर्णन हुन्छ ।टाउकोको कपाल खुल्ला छ । घाँटीमा बिजुली जस्तो चम्किलो माला छ ।अन्धकारमय परिस्थितिको विनास गर्ने शक्ति स्वरुपाको नाम कालरात्री हो ।कालबाट पनि रक्ष ।गर्ने माता कालरात्री हो । दूर्गा पूजा विधि विधान अनुसारको उहाँको मुख्य पूजा मध्यरातीमा हुन्छ ।मानिस र जिवजन्तहरु समेत गहिरो निद्रामा हुन्छन् , त्यती बेला माता कालरात्रीको पूजा गरिन्छ ।

माता कालरात्रीको तीन नत्र रहेको छ ।तीनै नेत्र ब्रम्हाण्ड जस्तो गोलाकार छ ।उहाँको श्वासबाट अग्नी प्रज्वलित हुने गर्छ । उहाँको सवारी गंदर्भ (गदहा) हो ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात वर मुद्रामा रहेको छ ।उक्त हातबाट माताले भक्तहरुलाई वर प्रदान गर्नु हुन्छ ।

दाहिने तर्फको तलको हात अभय मुद्रामा रहेको छ । यसले भक्त सदैव निर्भय, निडर रहन्छन् ।बायाँ तर्फको माथिल्लो हातमा फलामको धारिलो हतियार (काँटा) र तलको हातमा खड्ग रहेको छ ।उहाँको रुप भयंकर हो ।

तर उहाँ कल्याणकारी सदैव शुभ फल प्रदान गर्ने माता हुन् ।त्यसैले उहाँको नाम शुभंकारीपनि हो ।उहाँको साधकहरुलाई कुनै प्रकारको भयबाट कतैपनि डराउनु पर्दैन् ।उहाँको साक्षात्कारबाट सबै पुण्यको भागी बन्छन् ।

माता कालरात्रिको उपासना गर्नाले ब्रह्मांडको सम्पूर्ण सिद्धिको द्वार खुल्न थाल्छन् ।सम्पूर्ण असुरी शक्ति उहाँको नामको उच्चारणले नै भयभीत भएर टाढा भाग्न थाल्छन् ।त्यसकारण दानव, दैत्य, राक्षस र भूत-प्रेत उहाँको स्मरणले नै भाग्छन् ।

उहाँले ग्रह बाधाहरुलाई हटाउनु हुन्छ । अग्नि, जल, जंतु, शत्रु र रात्रि भय उहाँको स्मरणले नै हट्छ । माता कालरात्रीको कृपाले भक्त सबै प्रकारको भयबाट मुक्त हुन्छन् ।

माता कालरात्री सर्वदा कल्याणी हुनुहुन्छ ।कालरात्री माताको साधकहरु सदैव भय भुक्त भएर मध्य राती(काल रात्री)मा उहाँको अराधना गर्छन् ।

माता कल्याणीको भक्ती अराधनाले सम्पूर्ण रुपमा भक्तजनको मनकामना पूर्ण हुन्छ ।

वडा दशैंमा दूर्गा भवानीको सातौ दिनको पूजालाई सर्वाधिक महत्व दिएको हुन्छ ।सो दिन दूर्गा मन्दिरहरुमा विशेष पूजा गरिन्छ

।कतिपय स्थानमा सप्तमी र अष्टमीको दिन कालरात्री माताको पूजाको अवसरमा बली प्रदानपनि गरेको पाईन्छ।



## २४ वर्षको उमेरमा 'केजीएफ' मा आमा बनेकी अर्चना

मुम्बई । प्रायः कम उमेरका अभिनेत्रीहरु फिल्ममा आमाको भूमिका निर्वाह गर्न डराउँछन् । यसले एउटा छवि निर्माण हुने र भविष्यमा अरु भूमिकामा प्रस्ताव नआउने डर उनीहरुमा हुने गर्छ । तर, केहीले कम उमेरमै आमाको भूमिका निर्वाह गर्ने बोल्ड कदम उठाएका छन् । त्यसमध्ये एक हुन्, अर्चना जोइस । २४ वर्षको उमेरमै उनले साउथ फिल्म 'केजीएफ'मा आमाको भूमिका निभाएकी थिइन् ।

फिल्ममा रकी भाईको भूमिकामा रहेका सुपरस्टार यशको आमाको भूमिकामा अर्चनाले अभिनय गरेकी थिइन् । फिल्ममा उनको भूमिका सानो भए पनि सशक्त थियो । र, उनको अभिनय उतिक्कै जीवन्त । करिअरमै ठूलो जोखिम उठाएर आमाको भूमिका निर्वाह गरेकी उनका लागि 'केजीएफ' अन्ततः 'टर्निङ पोइन्ट' बन्यो । रोचक कुरा के छ भने यशभन्दा उनी ९ वर्षले कान्छी छिन् ।

उनको जन्म २४ डिसेम्बर १९९४ मा भारतको कर्नाटकमा भएको थियो । उनले टीभीको दुनियाँमा सन् २०१५ मा आफ्नो करिअर सुरु गरेकी थिइन् । उनले 'महादेवी', 'दुर्गा', 'श्री विष्णु दशावतारम' जस्ता धार्मिक टेलिसिरियलमा अभिनय गरेकी छन् । फिल्ममा भने उनले 'केजीएफ'बाटै ब्रेक पाएकी हुन् । त्यसयता अर्चनाले आधा दर्जन बढी दक्षिण भारतीय फिल्ममा काम गरिसकेकी छन् ।

उनी कथक डान्सर पनि हुन् । यसकारण उनी कयौं स्टेज शोजको हिस्सा बनिसकेकी छन् । उनको अब इच्छा बलिउड फिल्ममा काम गर्नेछ । यसका लागि उनी राम्रो चरित्रको पखाईमा छिन् । 'केजीएफ'मा साधारण महिलाको रुपमा देखिएकी उनी वास्तविक जीवनमा भने निकै सुन्दरी र आकर्षक छिन् । 'केजीएफ'मा काम गरेपछि ठूलो फ्यान फलोइङ कमाएकी अर्चना विवाहित हुन् ।

## निश्चलको 'दिमाग खराब' ट्रेलरमा जनता र शक्तिको कथा



काठमाण्डु । निश्चल बस्नेतले करिब ६ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म ' दिमाग खराब'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक भण्डै चार मिनेटको ट्रेलरमा जनता र शक्तिको कथा भनिएको छ । रोजगारीका लागि विदेश जान लागेको पात्र (खगेन्द्र लामिछाने)ले मेनपावरबाट ठगिएपछि भोग्नुपर्ने दुःख र कठिनाईमा ट्रेलरले फन्को मारेको छ । ट्रेलरको सुरुमै खगेन्द्र खाली खुट्टा विमानस्थल पुगेको दृश्य मार्मिक छ ।

खगेन्द्रको पात्र आफ्नै नगरको मेयर (अर्पण थापा) संलग्न रहेको म्यानपावरबाटै ठगिएको हुन्छ । मेयरले फोन गर्दिए आफू विदेश जान पाउने थाहा पाएपछि उसले मेयरलाई भेट्नका लागि प्रयास गर्छ । निरन्तरको प्रयासपछि मेयरले नजिकिएको चुनावमा सय भोटको ग्यारेन्टी गराइदिए फोन गरिदिने आश्वासन दिन्छ । यसपछि त्यो पात्रले कस्तो संघर्ष गर्छ भन्ने कुरा ट्रेलरमा देखाइएको छ ।

फिल्ममा अभिनेत्री स्वस्तिमा खड्काले खगेन्द्रको श्रीमतीको भूमिका निभाएकी छन् । खगेन्द्रको साथीको भूमिकामा अभिनेता दयाहाङ राई छन् भने सुमन कार्कीलाई युट्युबरको रुपमा प्रस्तुत गरिएको छ । ट्रेलरको अन्तिम दृश्य निर्देशक बस्नेतलाई पनि बाइक र्‍यालीको लिडरका रुपमा देखाइएको छ । उक्त दृश्यले फिल्ममा उनी पनि महत्त्वपूर्ण भूमिकामा रहेको संकेत गर्छ ।

सिनेमा आर्ट्स र ब्ल्याक हर्स पिक्चर्सको निर्माण रहेको फिल्ममा विजय बराल, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडा, रमा थपलिया, गौरभी आरएल सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जन, धीरज भट्ट, राहुल सिवाकोटी, नविन खड्का आदिको पनि अभिनय छ । आकाश बरालको लेखन र मनोज पण्डित स्क्रिप्ट डाक्टर रहेको फिल्म कात्तिक २४ गतेबाट प्रदर्शनमा आउँदैछ ।

रौनक विक्रम कँडेल निर्माता र सुरज बम ठकुरी कार्यकारी निर्माताको रहेको फिल्ममा सुसन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन, जयन के बाइबा र बाबुल गिरीको संगीत, राजकुमार उप्रेतीको द्वन्द्व निर्देशन तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । फिल्मलाई काठमाडौंभित्र गोविन्द शाहीको काफिया फिल्मस् र मोफसलमा मनोज राठी र उज्वल पौडेलले वितरण गर्दैछन् ।

## बुटिक व्यवसायमा अदिती



काठमाण्डु । कोरोना महामारीको समयमा महिनौं फिल्मको काम पूर्ण रुपमा ठप्प भएपछि धेरै कलाकारहरुले वैकल्पिक पेशा सुरु गरेका छन् । प्रायःले रेस्टुरेन्टमा लगानी गरेका छन् भने कसैले रियल स्टेट, शेयर कारोबार, बुटिक आदिमा हात हालेका छन् । यस्तैमा, फिल्म 'कृ'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेर बलिउड प्रवेशका लागि मुम्बईमा संघर्षरत अदिती बुढाथोकीले पनि व्यवसाय थालेकी छन् ।

उनले काठमाडौंको टंगाल (भाटभटेनी)मा 'तुरण्य नेपाल' नाममा बुटिक सञ्चालनमा ल्याएकी हुन् । केही हप्ताअघि बुटिकका लागि फोटोसुट गर्न उनी भारतबाट नेपाल आएकी थिइन् । यो बुटिकको इन्स्टाग्राममा उनले साडी र कुर्तीमा फोटोसुट गरेका तस्विरहरु भेटिन्छन् । यतिबेला उनी मुम्बईमा छिन् । बुटिक भने आमा पुष्पा बुढाथोकीले सम्हालेकी छन्, जो फिल्म 'बाबरी'की निर्मात्री हुन् ।

बुधबार अभिनेत्री स्वस्तिमा खड्काले उक्त बुटिकमा पुगेर त्यहाँ उपलब्ध निलो रंगको कुर्तीमा अदितीकी आमासँग खिचेको एउटा तस्विर आफ्नो इन्स्टा स्टोरीमा साझेदार गर्दै अदितीलाई बधाई दिएकी छन् । स्वस्तिमा र अदितीले एकसाथ फिल्ममा काम नगरेको भए पनि उनीहरुबीच राम्रो सम्बन्ध छ । गत महिना अभिनेता धिरज मगरको बर्थडे सेलिब्रेसनमा उनीहरु एकसाथ देखिएका थिए ।

दशैंको अवसरमा अदितीलाई दुईटा संयोग जुरेको छ । एकातिर उनको बुटिक सञ्चालनमा आएको छ भने अर्कोतिर उनी अभिनीत फिल्म 'बाबरी' घटस्थापनाबाट युट्युबमा रिलिज भएको छ । अब उनी 'बाबरी २'मा काम गर्ने चर्चा छ । धेरै हिन्दी र पञ्जाबी गीतमा अभिनय गरिसकेकी उनले केही समयअघि अमेजन प्राइमका लागि 'म्यूजिक' नामक एक हिन्दी वेब सिरिजमा काम गरेकी थिइन् ।

# प्रधानमन्त्री प्रचण्डद्वारा एनआरएनए निर्वाचनबारे चासो, समापन समारोहमा सहभागी नहुने



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमलदाहालप्रचण्डगैरआवासीय नेपाली संघ (एनआरएनए) को ११ औं विश्वसम्मेलनको समापन समारोहमा सहभागी नहुने भएका छन् । एक पक्षले एनआरएनएको निर्वाचनमा कार्यकारी अध्यक्ष बद्री केसी समूहले सिस्टम ह्याक गरेर आफ्नो पक्षमा नतिजा पारेको आरोप लगाएर विवाद उत्पन्न भएसँगै प्रधानमन्त्रीले विश्व सम्मेलनको समापन समारोहमा सहभागी नहुने निर्णय लिएका हुन् ।

प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले पूर्वनिर्धारित कार्यक्रम भएपछि एनआरएनएभित्रको पछिल्लो विवादका कारण प्रधानमन्त्री नजाने निश्चित भएको बताए । असोज ३० गते राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेको विश्व सम्मेलनको समापन प्रधानमन्त्रीले गर्नेगरी एनआरएनएले कार्यतालिका बनाएको थियो ।

तर, गएराति सम्पन्न निर्वाचनमा भेरो नामक अनलाइन भोटिङ सिस्टम ह्याक गरेर अध्यक्षको दोस्रो कार्यकालका उम्मेदवार बनेका बद्री केसीले आफ्नो पक्षमा नतिजा देखाएका दुई उम्मेदवारहर आरके शर्मा र महेश श्रेष्ठले आरोप लगाएका छन् । उनीहरुले निर्वाचन खारेज गर्दै दोषीमाथि कानुनी कारबाही गर्न माग समेत गरेका छन् ।

गएराति सार्वजनिक नतिजाअनुसार बद्री केसी विजयी भएका थिए भने आरके दोस्रो र महेश श्रेष्ठ तेस्रो भएका थिए । नतिजालगत्तै धाँधली भएको भन्दै पराजित उम्मेदवारको पक्षमा समर्थकले निरन्तर नाराबाजी गर्दै आएका छन् ।

यसैबीच नतिजापछि एनआरएनएको एक टोलीले प्रधानमन्त्रीलाई भेटेको छ। भेटका क्रममा प्रधानमन्त्रीले धाँधलीबारे चासो राख्दै सबै पक्षसँग बुझेर आवश्यक कदम चाल्ने बताएका छन् ।

# माघभित्र जिल्ला र पालिका अधिवेशन गर्न एमालेको निर्देशन

काठमाण्डु । नेकपा (एमाले)ले पार्टीका जिल्ला तथा पालिका तहका अधिवेशन आगामी माघ मसान्तभित्र सम्पन्न गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिएको छ ।

एमालेको केन्द्रीय सङ्गठन विभागको गत असोज ३० गते बसेको बैठकले प्रदेश कमिटीका अधिवेशन निर्धारित समयमा सम्पन्न भइसकेका हुँदा जिल्ला, स्थानीय तह र वडा तहका कमिटीका अधिवेशन सम्बन्धमा निर्णय लिएको हो ।

बैठकले फागुन र चैतमा पार्टी सदस्यता नवीकरणसँगै वडा र टोल कमिटीका अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको विभाग सचिव माधव ढुङ्गेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

पार्टीका स्थायी कमिटी सदस्य तथा सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीको अध्यक्षतामा बसेको बैठकले पार्टी सदस्यता प्रमाणीकरण प्रतिवेदन अनुमोदन गरेको छ । सोअनुसार भारत प्रवास र अन्तर्राष्ट्रिय कमिटी मातहतका सदस्यबाहेक पार्टीका साढे पाँच लाख सदस्यहरूको सदस्यता प्रमाणीकरण भएको छ ।

विभागले पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखेल, उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल, सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहरा, विभागका पूर्वप्रमुखसमेतका उपस्थितिमा भएको कार्यक्रममा प्राप्त मार्गदर्शनका आधारमा सात बुँदे अन्तरपार्टी निर्देशन दिएको जनाएको छ । रासस

## एमालेले कात्तिक १४ गते चियापन गर्ने

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेपालीहरूको महान् चाड वडादसैं, तिहार, नेपाल संवत् र छठपर्वका अवसरमा यही कात्तिक १४ गते चियापान कार्यक्रमको आयोजना गर्नुहुने भएको छ । चियापान कार्यक्रम सो पार्टीको केन्द्रीय कार्यालय, च्यासल, ललितपुरमा आयोजना गरिने एमालेका केन्द्रीय प्रचार तथा प्रकाशन विभाग गगन विष्टले जानकारी दिनुभयो । रासस

# प्रकृति संरक्षण र जलवायु परिवर्तनमा प्रभावकारी नीति आवश्यक : डा राणा

काठमाण्डुप्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति डा आरजु राणा देउवाले नेपालको जैविक विविधता मात्र नभइ कुल गार्हस्थ उत्पादन (जिडिपी)मा पनि जलवायु परिवर्तनको गम्भीर असर पर्ने देखिएको बताउनुभएको छ ।



राष्ट्रिय प्रकृति संरक्षण कोषको ४१औं वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित समारोहलाई सम्बोधन गर्दै सभापति डा राणाले जलवायु परिवर्तनले नेपालका विविध क्षेत्रमा असर गरेको र नेपालको प्रकृति र जैविक विविधताका क्षेत्रमा यसको प्रत्यक्ष असर देखिएको बताउनुभएको हो ।

नेपाली कांग्रेसकी नेतृ डा राणाले नेपालको वन वनस्पती, कृषि, प्रकृति, हिमाललगायतका क्षेत्रमा देखिएको जलवायु परिवर्तनको असरको प्रभाव मुलुकको अर्थ व्यवस्थामा पनि पर्ने देखिएको भन्दै सभापति डा राणाले एसियाली विकास बैंकले समेत गरेको एक अध्ययनले देशको कुल गार्हस्थ उत्पादन दुई दशमलव दुई प्रतिशतले घट्ने प्रक्षेपण गरेको दृष्टान्त प्रस्तुत गर्नुभयो ।

नेपाल जैविध विविधतामा विश्वमा २७औं र एसियामा १०औं स्थानमा रहेको छ । हाल नेपालमा २२ हजारभन्दा बढी वनस्पती र जीवहरु छन् । जुन विश्वमा उपलब्ध जैविक विविधताको एक दशमलव तीन प्रतिशत हिस्सा हो ।

अव्यवस्थित योजना निर्माण, विकास आयोजनाहरुको कमजोर कार्यान्वयन, दिगोपनारहितको मानवीय गतिविधिलगायतका कारणले नेपालले अहिले विश्वव्यापी उष्णताको समस्या झेलिरहेको र नेपालमा अहिले पनि वन विनाशले कृषिलगायतका क्षेत्रमा असर परेको उहाँको भनाइ छ । उहाँले वन, जमिन, पानी र वायुका क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो ।

साथै उहाँले विकास तथा प्रकृति संरक्षणका क्षेत्रमा एकीकृत, समावेशी र समन्वयात्मक कार्यक्रम सञ्चालन गरी जलवायु परिवर्तनका कारण परेको प्रभावको अनुसन्धान र यसको हानी न्यूनीकरणका लागि आवश्यक प्रक्रिया अपनाउन नेपाल सरकारलाई सुझाव पनि दिनुभयो । रासस

# प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकारमा डा सापकोटा नियुक्त

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को परराष्ट्र सल्लाहकारमा परराष्ट्र मामिलाका जानकारकार डा रुपक सापकोटा नियुक्त हुनुभएको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले सापकोटालाई सल्लाहकारमा नियुक्त गरेको हो ।



डा सापकोटा हाल त्रिभुवन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विषयमा प्राध्यापनरत हुनुहुन्छ । यसअघि डा सापकोटाले परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको उप-कार्यकारी निर्देशकको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ ।

डा सापकोटा विश्व राजनीति, अन्तर्राष्ट्रिय सम्बन्ध, भू-राजनीति, विदेश नीति, राष्ट्रिय सुरक्षा एवं रणनीतिक मामिलाका जानकार हुनुहुन्छ । उहाँले सन् २०१८ मा चीनको राजधानी बेइजिङस्थित रेनमिन विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधी हासिल गर्नुभएको थियो ।

हालै, प्रधानमन्त्री प्रचण्डको चीनको औपचारिक भ्रमणको उच्चस्तरीय प्रतिनिधिमण्डलमा डा सापकोटालाई परराष्ट्रविदका रुपमा सामेल गराइएको थियो । रासस

## एनआरएनए निर्वाचन विवाद

# अध्यक्षको परिणाम प्रतिस्पर्धीद्वारा अस्वीकार

काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को अध्यक्षमा बद्री केसी निर्वाचित भए लगत्तै उत्पन्न भएको विवाद समाधान भएको छैन । अध्यक्षमा केसी निर्वाचित भएको परिणाम आज विहान घोषणा भएपछि उहाँका प्रतिस्पर्धीद्वय महेश श्रेष्ठ र आर के शर्माले धाँधली भएको भन्दै उक्त मतपरिणामलाई अस्वीकार गर्नुभएको छ ।

उहाँहरुले शुक्रबार विज्ञप्ति प्रकाशन गरी अध्यक्ष पदको परिणाम स्वीकार गर्न नसकिने बताउनुभएको हो ।

"प्रविधिको प्रयोग गरी एनआरएनएको इतिहासमै पहिलो पटक गराइएको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित हुने हामीले अपेक्षा गरेका थियौं, तर पूर्वनियोजित रुपमा सेटिङ गरी गरिएको कथित नतिजा घोषणा हामीलाई मान्य छैन", अध्यक्षका प्रत्यासी श्रेष्ठ र शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

अध्यक्षमा निर्वाचित केसीले एक हजार तीन सय ७८ मत प्राप्त गर्नुभएको छ । साथै अध्यक्षका प्रत्यासी आर के शर्माले एक हजार दुई सय ८१ र महेश श्रेष्ठले एक हजार दुई सय २५ मत प्राप्त गर्नुभएको घोषणा निर्वाचन समितिले गरेको थियो ।

सङ्घको उपाध्यक्षमा राज रेग्मी, विनोद श्रेष्ठ, हेमराज शर्मा, रोविन शेरचन, रामशरण सिंखडा, खगेन्द्र न्यौपाने निर्वाचित हुनुभएको छ भने महासचिवमा गौरीराज जोशी, उपमहासचिवमा सोम सापकोटा र प्रवीण गुरुङ निर्वाचित हुनुभएको छ ।

उपाध्यक्ष पदका उम्मेदवार डा केशव पौडेलको मत शून्य देखाइएको भन्दै नतिजा अस्वीकार गरिएको हो । अष्ट्रेलियामा रहेको कम्पनी भेरोको अनलाइन प्रणाली ह्याक गरी धाँधली गरेको अध्यक्षका दुई प्रत्यासीको आरोप छ । रासस

# शिक्षा सुधारका लागि विद्यालय नेतृत्व सक्षम हुनुपर्छः महासचिव पोखरेल

तुलसीपुर । नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले शिक्षा सुधारका लागि विद्यालयको नेतृत्व सक्षम हुनुपर्ने बताउनुभएको छ। दाङको तुलसीपुर-६ स्थित सेन्टर माविको आठकोठे प्रशासनिक भवन उद्धाटन गर्दै उहाँले विद्यालयको शैक्षिक सुधारका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक सक्षम हुनुपर्नेमा जोड दिनुभयो । "सरकारी विद्यालयको स्तर सुधार गर्न सम्बन्धित नेतृत्व नै खट्ने हो, हामीले त्यसमा सहयोगी भूमिका नै निर्वाह गर्ने हो", महासचिव पोखरेलले भन्नुभयो ।

उक्त विद्यालयमा शिशुदेखि कक्षा १२ सम्म पढाइ भइरहेको छ । कक्षा १२ मा व्यवस्थापन सङ्कायमा पढाइ भइरहेको विद्यालयका प्रधानाध्यापक भागवत पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार यसलगत्तै विज्ञान विषय पनि पढाउने गरी तयारी गरिएको छ । त्यस्तै विद्यालयमा पाँचवटा प्राविधिक धारका कक्षा पनि सञ्चालन भइरहेका छन् । हाल दुई हजार पाँच सय विद्यार्थी सोही विद्यालयमा अध्ययनरत छन् । प्रत्येक कक्षामा सातवटा सेक्सन रहेको र तीमध्ये छवटा सेक्सन अङ्ग्रेजी माध्यामबाट पढाइ भइरहेको समेत प्रधानाध्यापक पौडेलले बताउनुभयो ।

रु एक करोड ५४ लाखको लागतमा उक्त भवन निर्माण भएको हो । यससँगै विद्यालयमा सातवटा भवन रहेका छन् । जहाँ ८० शिक्षक तथा कर्मचारी कार्यरत छन् । रासस

# विविधताबीचको अनुपम संस्कार र संस्कृतिलाई विश्वभर पुऱ्याउनुपर्छ : नेता राजवंशी

काठमाण्डु । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहु-सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको मुलुक हो । हामी अहिले दसैं, तिहार र छठलगायतका चाडपर्वको मनाउने तयारीमा छौ ।

विविधताबीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव हाम्रो परिचय र सम्पत्ति हो । वर्गीय, जातीय, क्षेत्रीय भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अत्य गर्ने राज्यले सङ्कल्प लिएको छ ।

शान्तिकामी नेपाली हुनुका नाताले विविधतायुक्त समाजमा रहेका धर्म, संस्कृति, सामाजिक चालचलन, परम्परा, मूल्यमान्यता र रीतिरिवाजको सम्मान गर्दै प्रत्येक जाति-समुदायको चाडपर्वमा सरिक हुने र शुभकामना अदान प्रदान गरी सामाजिक सद्भाव कायम राख्नु सबैको कर्तव्य हो ।

यसैबीच, सांसदसँग नेकपा(एमाले) नेता अमृतलाल राजवंशीले आउँदै गरेको बडादसैं, दीपावली र छठपर्वको उपलक्ष्यमा सबैमा शुभकामना व्यक्त गर्दै सामाजिक विविधताका कारण एकअर्का समुदायको संस्कार र संस्कृतिको उच्च सम्मान गर्ने यस्तो अनुपम परम्परा नै हाम्रो राष्ट्रिय गौरव भएको बताउनुभयो । उहाँले भन्नुभयो, "जुनसुकै जाति, धर्म, वर्ग र समुदायका चाडपर्वमा सहभागी हुने, शुभकामना आदानप्रदान गरी आपसमा सद्भाव कायम गर्ने हाम्रो अनमोल पहिचान छ, यो मूल्यमान्यता, संस्कार र संस्कृति हाम्रा अमूल्य निधि हुन्, एकाकार भएर यसलाई जोगाउनुपर्छ, संसारभर पुऱ्याउनुपर्छ ।"

नेपाली समाजमा मनाइने सबै चाडबाड-पर्व र संस्कृतिप्रति एक-अर्काले सद्भाव राखी सहभागी हुने तथा सामाजिक सञ्जालद्वारा शुभकामना आदानप्रदान गरी सद्भाव कायम राख्ने गरिएको बताउँदै सांसद राजवंशीले भन्नुभयो, "हाम्रो यो अनुपम मौलिक पहिचान र संस्कृतिसहितको हार्दिकतालाई अझ उचाइ प्रदान गर्नुपर्छ ।"

अर्नामणि बहुमुखी क्याम्पसको संस्थापक सदस्य तथा विसं २०३६ देखि राजनीतिमा प्रवेश गर्नुभएका राजवंशी सडक र पुल मात्र नभई संविधान निर्माणसम्म सक्रिय रहनुभयो । उहाँसग यसअघि विसं २०६४ देखि विसं २०७२ सम्म संविधानसभा सदस्य तथा विस २०७४ सम्म प्रतिनिधिसभा सदस्यका रुपमा काम गरेको अनुभव छ ।



झापा विर्तामोड स्थायी घर भएका सांसद राजवंशी हाल कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य हुनुहुन्छ भने यसअघि उहाँले कृषि समिति र सार्वजनिक लेखा समिति सदस्य भई काम गर्नुभयो । उहाँले प्रतिनिधिसभाको निर्वाचन भएपछि ११ महिनाको संसदीय अभ्यासमा आफू र जनताले अपेक्षाअनुरुप कानुन निर्माण गर्न नसके पनि विधेयक सदनमा ल्याउने, छलफल गरी समृद्ध तुल्याउने, समितिमा पठाउने सन्दर्भदेखि पारित गर्नेसम्मका तितामिठा मिश्रित अनुभव हासिल गरेको प्रतिक्रिया दिनुभयो ।

सांसदको मुख्य काम कानुन तर्जुमा भए पनि जनताको अपेक्षाअनुरुप विकास निर्माणमा संलग्न हुनु पनि त्यतिकै जिम्मेवारी हुने उहाँले प्रतिक्रिया दिनुभयो । सांसद राजवंशीले भन्नुभयो, "जनप्रतिनिधि हुनुका नाताले आफूसँग मतदातले हाम्रा बाटो र पुल किन बनेनन्, पोखरी र सिँचाइमा बजेट परेन, कृषिका लागि मल खाद्य पाइएन, शिक्षाको विकासमा राज्यले ध्यान पुऱ्याएन भनी निरन्तर र स्वभाविक ढङ्गबाट आवाज उठाउने गरेका छन् ।"

विकास निर्माण जनप्रतिनिधिमार्फत नै हुनुपर्छ भन्ने समाजमा दृढ विश्वास र बुझाइरहेको बताउँदै सांसद राजवंशीले जनहितमा लागेकाले गाउँ, टोल र समाजमा एकाकार भएर काम गर्ने सिलसिलामा मतदातासँग नङ र मासुको जस्तै सम्बन्ध कायम गरी उठाइएका माग र मुद्दा ५० प्रतिसतसम्म सम्बोधन गर्दैआएको बताउनुभयो ।

जनताले सांसदसँग विकास निर्माणका विषय उठाउनुलाई स्वभाविक भन्दै उहाँले देशमा घाटा बजेटको स्थितिलाई जनताले बुझेकाले मुलुकको आर्थिक स्थितिमा सुधार आएपछि आगामी दिनमा बाँकी योजनालाई क्रमैसँग सम्बोधन गरिने आश्वासन दिने गरेको जानकारी दिनुभयो ।

जनताको अगुवाइ गरिरहेका नाताले प्रत्येक जनप्रतिनिधिले आफ्नो बोली-व्यवहार, प्रस्तुति र अनुशासनको पाटोमा विशेष ध्यान दिन जरुरी रहेको बताउँदै नेता राजवंशीले असल प्रतिनिधिका रुपमा समयअनुसार विचार राख्नुपर्नेमा जोड दिनुभयो ।

राज्यको पहिलो प्राथमिकता नै सुशासन र भ्रष्टाचार न्यूनीकरण रहेको तथा प्रत्येक सरकारले त्यही नारा घन्काए ता पनि भ्रष्टाचार बढिरहेको रहेको बताउँदै नेता राजवंशीले राजनीतिक अस्थिरता, धेरै खाले संरचना, झन्झटिलो सरकारी प्रक्रिया र हालको निर्वाचन प्रणालीले त्यसमा मलजल पुऱ्याइरहेको प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "सरकारमा गएको दलले जबसम्म स्थायित्व पाउँदैन, तबसम्म सुशासन र भ्रष्टाचारको विषय कार्यान्वयन हुन कठिन र जटिल छ, समाजमा देखिएका छाडातन्त्र अन्त्य गर्न चुनौती छ, त्यसका लागि राजनीति प्रतिबद्धता र दृढ सङ्कल्प हुनुपर्छ ।"


सबै वर्ग र समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व रहने सुनिश्चिता गरी प्रतिनिधिसभामा हाल रहेको सदस्य सङ्ख्या घटाएर प्रत्यक्ष निर्वाचन प्रणाली मात्र अवलम्बन गर्न आवश्यक रहेको विचार प्रकट गर्दै सांसद राजवंशीले सबैको सहभागिता हुने र दल विशेषको बहुमत आई राजनीतिक स्थिरता प्राप्त हुने भएकाले यसमा सबैको एकैखाले बुझाइको खाँचो औंल्याउनुभयो ।

उहाँले भन्नुभयो, "यसमा नेताको इच्छाशक्ति र इमान्दारिता चाहिन्छ, यो मुलुक अल्पसङ्ख्यक जाति र समुदायको हो । भौगोलिक विविधता छ, सबै क्षेत्रको समावेशी र समानुपातिक प्रतिनिधित्व सवै दलमा गर्न सकियो भने प्रत्यक्ष निर्वाचनले राम्रै परिणाम दिन्छ, अनि सरकार र प्रणाली दुवै दीगो हुन्छ ।"

मुलुकमा निष्ठा, इमान्दारी र मर्यादाको राजनीतिक स्थापित नभएसम्म सही नेता र राजनीतिक निकास प्राप्त गर्न कठिन हुने तर्क गर्दै उहाँले पछिल्लो समय राजनीति सेवा नभई व्यवसाय र व्यापार बन्न पुगेकाले समाजको मूल्य र मान्यता, अनुशासन, नैतिकतामा चोट पुगेको प्रतिक्रिया दिनुभयो । रासस

# राष्ट्र संघका महासचिवको नेपाल भ्रमण तय, कार्तिक १४ मा संसदमा सम्बोधन

**टुडे समाचारदाता**



काठमाण्डु । इजरायलमा हमासको आक्रमणपछि स्थगित गरिएको संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण हुने भएको छ । गत कार्तिक २ गते बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले संयुक्त राष्ट्र संघका महासचिव गुटेरेसले यही कार्तिक १२ देखि १५ गतेसम्म गर्ने नेपाल भ्रमणको औपचारिक कार्यक्रम स्वीकृत गरेको हो ।

नेपाल बसाइँका क्रममा उनले नेपालको संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम पनि तय गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले कार्तिक २ गते संघीय संसद सचिवालयलाई पत्राचार गरी महासचिव गुटेरेसको कार्तिक १४ गते अपरान्ह ४ बजे सम्बोधन गर्ने जानकारी गराउँदै त्यसका लागि आवश्यक व्यवस्था मिलाउन आग्रह गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट संयुक्त राष्ट्र संघका महासचिव गुटेरेसले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने भएकाले त्यसका लागि आवश्यक व्यवस्था मिलाउन अनुरोध गरिएको पत्र प्राप्त भएको संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीले जानकारी दिए । न्युज एजेन्सी नेपालसँग कुरा गर्दै उनले महासचिव गुटेरेसको सम्बोधनका लागि सचिवालयले आन्तरिक तयारीको कामलाई सुरु गरिसकेको पनि बताए ।

महासचिव गुटेरेसले सम्बोधन गर्ने सो बैठकमा संवैधानिक निकायका प्रमुखहरू, नेपालस्थित कूटनीतिक नियोगका प्रमुखहरूलगायतका विशिष्ट सरकारी अधिकारीहरूलाई आमन्त्रण गरिनेछ । प्रवक्ता गिरीले प्रतिनिधि सभा बैठक कार्तिक १२ गते बोलाइएको सो सम्बोधनबारे सोही बैठकमा प्रतिनिधि सभाका सांसदहरूलाई जानकारी गराइने र राष्ट्रिय सभाका लागि सूचना जारी गर्न सकिने बताए ।

महासचिव गुटेरेसलाई प्रधानमन्त्री पुष्पकमल दाहालले संयुक्त राष्ट्र संघको ७८ औं महासभा बैठकमा भाग लिने क्रममा नेपाल भ्रमणको निमन्त्रणा गरेका थिए । पोर्चुगलका पूर्वप्रधानमन्त्री गुटेरेसको संयुक्त राष्ट्र संघको महासचिवका रूपमा दोस्रो कार्यकाल हो ।

# डुङ्गाको तीव्र गतिका कारण उत्तर एटलान्टिकमा पाइने 'राइट ह्वेल' खतरामा

**एएफपी**

वासिङ्टन । अमेरिकाको पूर्वी तटमा रहेका अधिकांश ठूला डुङ्गाहरू उत्तर एटलान्टिक महासागरमा चल्दा 'राइट ह्वेल'को सुरक्षामा खतरा देखिएको छ। करिब ३४० वटा मात्र बाँकी 'राइट ह्वेल'का लागि बनाइएका 'स्लो जोन'मा तीव्र गतिमा गुड्ने डुङ्गाले ठक्कर दिँदा घाइते हुने वा मृत्युसमेत हुनेगरेको रिपोर्ट आएको छ।



गैरनाफामूलक संस्था ओसियानाद्वारा बिहीबार प्रकाशित डुङ्गाहरूको अनुगमन तथ्याङ्कमा आधारित नयाँ विश्लेषणअनुसार यो प्रजातिलाई लोप हुनबाट जोगाउन कडा सुरक्षा र अधिक प्रवर्तनको लागि आह्वान गरिएको छ । ओसियानाका अभियान निर्देशक गिब ब्रोगनले भन्नुभयो, "डुङ्गाहरू तीव्र गतिमा ओहोरदोहोर गरिरहेका र यसले ह्वेलहरू मरिरहेका छन् ।"

ह्वेल प्रजातिका लागि मृत्युको दुई प्रमुख कारणमध्ये माछा मार्ने जाल वा बल्छीसँगै डुङ्गाको ठक्कर पनि एक हो । ठक्करहरूले ह्वेलका शरीरमा लाग्ने चोट वा उनीहरूका पखेटा भाँचिने र असहाय भई मर्ने गरेका रिपोर्टहरू बाहिरिएका छन् ।

सन् २००८ देखि अमेरिकाको 'नेशनल ओशनिक एन्ड एटमोस्फेरिक एडमिनिस्ट्रेसन (एनओएए)' ले ह्वेलको उपस्थिति हुने सम्भावना भएका क्षेत्रमा ६५ फिट (१९.८ मिटर) वा सोभन्दा लामो दूरीका जहाजका लागि गति सीमा तोकेको छ । तर, सन् २०२० को नोभेम्बरदेखि सन् २०२२ को जुलाईसम्म ८४ प्रतिशत अनिवार्य क्षेत्र र ८२ प्रतिशत स्वेच्छिक क्षेत्रहुँदै यात्रा गरेको संकलित तथ्याङ्कले देखाएको छ।

"यो सरकारबाट न्यूनतम जरिवानाको जोखिम र बन्दरगाहमा निर्धारित समयभन्दा आफ्नो कार्गो ढिलो पुग्दा लाग्ने जरिवानालाई जोगाउनको लागि जहाजले लिने उच्च गतिका कारण 'राइट ह्वेल' असुरक्षित बनेको मछुवाहरूले बताएका छन्," ब्रोगनले एएफपीसँग भन्नुभयो ।

नोभेम्बर २०२१ देखि जुलाई २०२२ सम्म गरिएको गति सीमाभन्दा बढी नौ हजार ३५८ जहाजले यात्राको गतिको सीमा उल्लङ्घन गरेकोमा एनओएएले केवल ४६ वटा जहाजहरूलाई मात्र जरिवाना लगाएको थियो । उनीहरूलाई औसत १५ हजार ६०० अमेरिकी डलर जरिवाना तोकिएको थियो । ६० फिट (१८ मिटर) लम्बाइसम्म बढ्न सक्ने र मानवसरहको आयु हुने 'राइट ह्वेल'को सङ्ख्या कुनै समय २० हजारसम्म पुगेको अनुमान गरिएको छ।

यो प्रजातिमा पाइने बाक्लो बोसो र प्लास्टिक सहज रूपमा नपाइने समयमा यसको विकल्पका रूपमा प्रयोग गरिने भएकोले ह्वेल शिकारीहरूको छनोट 'राइट व्हेल' नै हुन्थ्यो किनकि यसबाट उनीहरूले मनग्गे पैसा कमाउँथे । बिसौं शताब्दीको मध्यसम्ममा उत्तरी एटलान्टिक महासागरमा राइट ह्वेलको व्यावसायिक शिकारमा प्रतिबन्ध लगाइएको थियो, जसले गर्दा सन् २०१० सम्ममा उनीहरूको सङ्ख्यामा ४८३ पुगेको थियो । तथापि, सन् २०१७ देखि तिनीहरूले 'असामान्य मृत्युदर' अनुभव गरिरहेका छन् ।

गत फेब्रुअरीमा मध्य एटलान्टिक भर्जिनिया तटमा २० वर्षीय एक युवा ह्वेलको मेरुदण्ड भाँचिएको अवस्थामा समुद्रमा डुबेर मृत्यु भएको थियो । जनसङ्ख्या पहिले देखि नै यति कम भएकोले, थोरै मृत्युले पनि उनीहरूको सङ्ख्यामा नकारात्मक असर देखिन सक्छ ।

ह्वेलको बच्चा जन्माउने दर पनि आमाहरूमा दीर्घकालीन तनावको परिणामस्वरूप कम भएको छ, र जलवायु परिवर्तनको परिणामस्वरूप उनीहरूको परम्परागत खाना सङ्कलनका लागि डुल्ने आधारहरू परिवर्तन भइरहेका छन् ।

ओसियानाको रिपोर्टले ह्वेलको हालको वितरणलाई प्रतिबिम्बित गर्न ढिलो-क्षेत्रहरू अद्यावधिक गर्न, स्वैच्छिक गति सीमाको अन्त्य गर्न र ३५ फिट लामो जहाजहरूमा सुरक्षा नियमहरू विस्तार गर्न आह्वान गरेको छ।

ब्रोगनले भन्नुभयो, "'राइट ह्वेल' प्रजातिहरू बचाउन हामीले के गर्न आवश्यक छ थाहा छ। त्यसैले उनीहरूको सुरक्षाका लागि यो उपाय अवलम्बन गर्नु आवश्यक छ र उनीहरूको सङ्ख्या बढाउनु आवश्यक छ।"

# भारतको लगातार जित

**एजेन्सी**

नयाँ दिल्ली । आइसिसी एकदिवसीय क्रिकेट विश्वकपमा आयोजक भारतले लगातार चार खेलमा जित निकालेको छ।




बिहीबार भएको खेलमा भारतले बंगलादेशलाई ७ विकेटले पराजित गर्‍यो। पुनेमा बंगलादेशले दिएको २५७ रनको लक्ष्य भारतले ४१.३ ओभरमा ३ विकेटको क्षतिमा पूरा गर्‍यो। भारतको जितमा प्लेयर अफ दि म्याच विराट कोहलीले नटआउट १०३ रन जोडे। उनले ९७ बलमा ६ चौका र ४ छक्का प्रहार गरे।

त्यसअघि कप्तान तथा ओपनर रोहित शर्माले ४८ रन र शुभमन गिलले ५३ रन जोडेका थिए। टस जितेर पहिले ब्याटिङ गरेको बंगलादेशले ८ विकेटको क्षतिमा २५६ रन जोड्यो। बंगलादेशका लगि ओपनरद्वय तान्जिद हसनले ५१ रन र लिन्टन दासले ६६ रन जोडे।

बलिङमा भारतका जसप्रित बुमराह, मोहमद सिराज र रविन्द्र जडेजाले २-२ विकेट लिए। अंक तालिकाको शीर्ष टिम भारतको ८ अंक छ भने बंगलादेशले चार मध्ये एक खेलमा मात्र जित निकाल्दै २ अंक जोडेको छ।

# सेमिफाइनलमा नेपालले जापानको सामना गर्ने




**टुडे समाचारदाता**

काठमाण्डु । मलेसियामा जारी एसीसी यू-१९ प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा नेपालले जापानको सामना गर्ने भएको छ।

समूह 'डी' अन्तर्गतको अन्तिम खेलमा आज जापानले हङकङलाई डिएल मेथडअनुसार ५७ रनले पराजित गर्दै अन्तिम चारमा स्थान सुरक्षित गरेपछि जापान र नेपालबीचको सेमिफाइनल सुनिश्चित भएको छ।

नेपाल समूह 'ए' को विजेताका रूपमा अन्तिम चारमा स्थान सुरक्षित गरेको थियो ।

यता जापानले पनि समूह चरणका तीनवटै खेल जितेर अघिल्लो चरणमा प्रवेश गरेको हो । नेपाल र जापानबीचको खेल शनिबार हुने तालिका रहेको छ ।

# भारतमा अर्ध-उच्च गतिको रेल सेवा सुरु



**सिन्ह्वा**

नयाँदिल्ली। भारतले शुक्रबार देखि आफ्नो पहिलो अर्ध उच्च गतिको 'नमो भारत' नामक रेल सेवा सुरु गरेको अधिकारीहरूले बताएका छन् ।

आरआरटिएस नामले समेत चिनिने क्षेत्रीय द्रुत रेल सेवाको प्रधानमन्त्री नेरन्द्र मोदीले भारतको उत्तरी राज्य उत्तर प्रदेशमा उद्घाटन गर्नुभयो। रेलले उत्तर प्रदेशको साहिबाबाद र दुहाई डिपो स्टेसनलाई जोड्नेछ।

प्रधानमन्त्री मोदीले जारी गरेको तस्बिरमा उहाँलाई रेलमा स्कुलका बालबालिकासहित सहयात्रीहरु सँग कुराकानी गरिरहेको देखाइएको छ । "भारतको पूर्वाधारमा एउटा महत्वपूर्ण विकास ! दिल्ली-मेरठ आरआरटिएस करिडोरले क्षेत्रीय कनेक्टिभिटीमा ठूलो परिवर्तन गर्नेछ", र्‍यालीलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो।

अधिकारीहरुका अनुसार दिल्ली-गाजियाबाद-मेरठ १७ किलोमिटर लामो प्राथमिकता भएको खण्ड यात्रुहरूका लागि शनिबारदेखि खुल्ला गरिने छ।

# युक्रेनले लडाकु विमान प्राप्त गर्दै

**सिन्ह्वा**

किएभ । युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले आफ्नो देशले सन् २०२४ को पहिलो छ महिनामा एफ-१६ लडाकु विमान प्राप्त गर्न सक्ने बताउनुभएको छ । "मलाई लाग्छ यो अर्को वर्षको पहिलो छ महिनामा हुनेछ", उहाँको भनाइ उद्धृत गर्दै इन्टरफ्याक्स-युक्रेन समाचार समितिले बिहीबार बताएको छ।

उचित पूर्वाधारको व्यवस्था गरिसकेपछिर युक्रेनी पाइलटहरूले तालिम लिइसकेपछि एफ-१६ जेटहरूको डेलिभरी हुने उहाँले बताउनुभयो । गत हप्ता युक्रेनी सेनाका प्रवक्ता युरी इग्नाटले बताए अनुसार युक्रेनी पाइलटहरूले केही हप्तामा वास्तविक एफ-१६ जेटमा प्रशिक्षका साथ उडान सुरु गर्ने जानकारी दिनुभएको थियो।

नेदरल्यान्ड्स, डेनमार्क,नर्वे र बेल्जियमले रुससँग द्वन्द्वका बीच युक्रेनलाई उसको लडाकु विमानको अवस्थालाई उन्नत बनाउन एफ-१६ लडाकू विमान हस्तान्तरण गर्ने वाचा गरेका थिए । यसैबीच युक्रेनले स्थायी रुपमा अमेरिकाबाट स्थायीरूपमाएटीएसीएमएस लामो दूरीका क्षेप्यास्त्रहरु प्राप्त गर्ने भएको छ। सरकारी समाचार समिति युक्रेनफर्म बिहीबार विदेशमन्त्री कुलेबालाई उद्धत गर्दै उक्त कुरा बताएको हो।

युक्रेनलाई एटीएसीएमएसको आपूर्ति सम्झौता गत महिनामा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र अमेरिकी राष्ट्रपति जो बाइडेनको बीच भएको कुलेबाले बताउनुभयो । "सम्झौता सम्पन्न गर्न र हाम्रो मार हान्ने क्षमतालाई सुदृढ बनाउनका लागि हामी अमेरिकाको सराहना गर्छौं", पहिला नै प्राप्त मिसाइलको सङ्ख्या उल्लेख नगरी मन्त्री कुलेबाले भन्नुभयो।

एटिएसीएमएस अमेरिकी प्रतिरक्षा कम्पनी लकहिडद्वारा निर्मित सामरिक ब्यालेस्टिक मिसाइल हो । यसको मार हान्ने क्षमता करिब तीन सय किलोमिटरसम्म रहेको बताइएको छ।

# छैटौँ प्रधानसेनापति अन्तर्राष्ट्रिय त्रि एड्भेन्चर प्रतियोगितामा त्रिभुवन आर्मी प्रथम

धादिङ। छैटौं प्रधानसेनापति अन्तर्राष्ट्रिय त्रि एड्भेन्चर प्रतियोगितामा त्रिभुवन आर्मी क्लब ए टिम प्रथम भएको छ । धादिङस्थित ६ नं वैरेनी ब्यारेकमा ६ दशमलव ५ किलोमिटर दौड, २६ किलोमिटर साइकलिङ र ११ किलोमिटर र्‍याफ्टिङ प्रतियोगिता भएको थियो।

उक्त खेलको तीन वटा चरण (दौड, साइकलिङ र र्‍याफ्टिङ) पार गर्दै त्रिभुवन आर्मी क्लब ए टिम विजय भएको हो । त्यस्तै त्रिभुवन आर्मी क्लब बि टिम दोस्रो भएको छ। तेस्रोमा इन्डियन आर्मी ए टिम रहेको छ । त्यस्तै इन्डियन आर्मी बि टिम चौथो भएको छ भने एमटिबी स्टार पाँचौं भएको छ।

महिलातर्फ नेपाल आर्मी महिला टिम पहिलो भएको छ । यूनाइटेड फिक्कल एमटिबि स्क्वार्ड दोस्रो र डुल्वा केटीस तेस्रो भएको छ । प्रतियोगितामा २१ टिमका ८४ खेलाडीको सहभागिता थियो।

पुरुषतर्फको प्रतियोगितामा प्रथम हुनेले रु एक लाख पचास हजार, दोस्रोले रु एक लाख, तेस्रोले रु ७५ हजार, चौथोले रु २५ हजार र पाँचौले रु १५ हजार पुरस्कार प्राप्त गरेका छन् । महिलातर्फ पहिलो हुनेले रु ७५ हजार, दोस्रोले रु ५० हजार र तेस्रोले रु ३० हजार प्राप्त गरेका छन्। रासस

# गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिता हुने

काठमाण्डु । वीर गणेशमान सिंह फउन्डेसन तथा वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीको संयुक्त आयोजनामा तेस्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिता यही कात्तिक १८ गतेदेखि सुरु हुने भएको छ।

प्रतियोगितामा सिनियर, भेट्रान र जुनियरमा गरी जम्मा २३ स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक कमिटीका संयोजक सञ्जिव तुलाधरले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। सिनियरमा चार, भेट्रानमा सात र जुनियरमा १२ स्पर्धामा खेल हुनेछ।

सिनियर र भेट्रानमा गरी कुल रु नौ लाख ५ हजार नगद पुरस्कार रहेको आयोजकको भनाइ छ। त्यस्तै जुनियरमा भने प्रोत्साहनस्वरुप गिफ्ट ह्याम्पर प्रदान गरिने छ।

नेपाल टेनिस सङ्घको प्राविधिक सहयोगमा हुने उक्त प्रतियोगिता सञ्चालन गर्न करिब रु ३५ लाख खर्च लाग्ने आयोजकले जनाएको छ। यही कात्तिक २५ गतेसम्म हुने उक्त प्रतियोगिताका खेलहरु सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुनेछ। रासस

# कूटनीतिक तनावका बीच क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञलाई फिर्ता बोलायो

**एएनआई**

ओटावा। क्यानाडा र भारतबीच जारी विवादका कारण क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञ र उनीहरूको परिवारका ४२ सदस्यलाई फिर्ता बोलाएको क्यानाडाका विदेशमन्त्री मेलानी जोलीले घोषणा गर्नुभएको छ।

"अहिलेसम्म भारतले भोलि अक्टोबर २० (शुक्रबार) सम्ममा नयाँदिल्लीमा रहेका २१ क्यानाडाली कूटनीतिज्ञ र आश्रितबाहेक सबैलाई अनैतिकरूपमा कूटनीतिक उन्मुक्ति हटाउने उसको योजनाबारे औपचारिकरूपमा बताएको म पुष्टि गर्न सक्दछु, यसको अर्थ ४१ क्यानाडाली कूटनीतिज्ञ र तिनीहरूका ४२ आश्रितमाथि कुनै मनमानी मितिमा उन्मुक्ति हटाउने खतरा थियो र यसले उनीहरूको व्यक्तिगत सुरक्षा जोखिममा पर्नेछ", क्यानाडाली कूटनीतिज्ञहरूको प्रस्थानको पुष्टि गर्दै मन्त्री जोलीले भन्नुभयो।

दुई मुलुकबीच जारी कूटनीतिक विवादका कारण 'समानता' को माग गर्दै भारतले क्यानाडाको भिसा सञ्चालन निलम्बनसँगै भारतमा क्यानाडाली कूटनीतिज्ञहरू कटौती गर्न आह्वान गरेपछि क्यानाडाली कूटनीतिज्ञहरूलाई फिर्ता बोलाइएको हो।

"भारतबाट उनीहरूको सुरक्षित फिर्तीका लागि हामीले सहज बनाएका छौं, यसको अर्थ अब हाम्रा कूटनीतिज्ञ र उनीहरूका परिवारले कूटनीतिक छुटलाई परित्याग गरेका छन्, उनीहरू जहाँबाट आएका भए पनि र जहाँ पठाइए पनि कूटनीतिज्ञहरूलाई सुरक्षित राखौँ, प्रतिरक्षाले कूटनीतिज्ञहरूलाई उनीहरूको देशबाट प्रतिशोध वा गिरफ्तारीको भयबिना आफ्नो काम गर्न अनुमति दिन्छ", मन्त्री जोलीले भन्नुभयो।

"तिनीहरू कूटनीतिको मूलभूत सिद्धान्त हुन् र यो दुईतर्फी बाटो हो, प्रत्येक देशले नियमको पालना गर्दा मात्र काम गर्छ, कूटनीतिक विशेषाधिकार र उन्मुक्तिको एकतर्फी खारेज अन्तर्राष्ट्रिय कानूनविपरीत हो, यो कूटनीतिक सम्बन्धमा भियना महासन्धिको स्पष्ट उल्लङ्घन हो र यस्तो गरेर धम्की दिन अव्यावहारिक र तनावपूर्ण हो", उहाँले भन्नुभयो, "यदि हामीले कूटनीतिक प्रतिरक्षाका मानकलाई उल्लङ्घन गर्न दियौं भने पृथ्वीमा कुनै पनि कूटनीतिज्ञ सुरक्षित हुने छैन।" उहाँले यसबारे क्यानाडाले 'त्यस्तै व्यवहार' नगर्ने बताउनुभयो।

आप्रवासन, शरणार्थी र नागरिकमन्त्री मार्क मिलरसँगै मन्त्री जोलीले 'भारतसँगको स्थिति' माथि विकसित घटनाक्रमबारे घोषणा गर्दै कूटनीतिज्ञहरूको फिर्तीपछि क्यानाडाले दिने सेवा वितरणमा यसको कस्तो प्रभाव पर्नेछ भन्ने बारे जानकारी गराउनुभयो।

"भारतको यो निर्णयले दुवै मुलुकका नागरिकलाई सेवाको स्तरमा कुनै असर पर्नेछैन, दुर्भाग्यवश हामीले चन्डीगढ, मुम्बई र बेङ्गलोरमा हाम्रा वाणिज्य दूतावासका सबै व्यक्तिगत सेवा रोक्नुपर्यो", उहाँले भन्नुभयो, "कन्सुलर सहयोग आवश्यक पर्ने क्यानाडालीहरूले अझै पनि दिल्लीस्थित हाम्रो उच्चायोगमा जान सक्नुहुन्छ, तपाईंले अझै पनि फोन र इमेलमार्फत व्यक्तिगत सेवा लिन सक्नुहुन्छ।"

# गाजा चर्चमा भएको इजराइली आक्रमणमा थुप्रैको मृत्यु भएको छ : हमास

**एएफपी**

गाजापट्टी । बिहीबार अबेर भएको इजराइली हमलामा गाजामा एउटा चर्चमा आश्रय लिएर बसेका थुप्रै विस्थापितहरूको मृत्यु भएको र धेरै घाइते भएको हमास नियन्त्रित आन्तरिक मामिला मन्त्रालयले बताएको छ । मन्त्रालयका अनुसार गाजा सहरस्थित ग्रिक अर्थोडक्स सेन्ट पोरफाइरस चर्चका परिसरमा भएको हमलामा 'ठूलो सङ्ख्यामा सहित र घाइते' भएका छन् ।

प्रत्यक्षदर्शीहरूले एएफपीलाई दिएको जानकारीअनुसार प्लालेस्टिनी क्षेत्रमा भएको युद्धपछि थुप्रै गाजाबासीले शरण लिएको चर्चनजिकै लक्षित गरी हमला गरेको देखिन्छ।

इजराइली प्रतिरक्षा फौज (आईडीएफ) ले इजराइलतर्फ रकेट र मोर्टार प्रक्षेपणमा संलग्न कमान्ड र कन्ट्रोल सेन्टरलाई लक्षित गरी आफ्ना लडाकू विमानले आक्रमण गरेको बताएको छ।



दसैं सुरु भएसँगै दसैं खर्च जुटाउनका लागि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-९ हनुमाननगरमा शुक्रबार मिथिला संस्कृति अनुरुप बनाइएको झाँप रङ्ग लगाउँदै माली समुदायका कालिगढ । रु दुई सयदेखि रु तीन सय सम्ममा बिक्री भइरहेको झाँप दसैं तिहारमा, मठमन्दिर र कुलदेवतालाई चढाउने गरिन्छ । *तस्बिर : रासस*

# खाद्यले घटायो खसीबोकाको मूल्य

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले उपभोक्तालाई थप सहुलियत प्रदान गर्न खसीबोका तथा च्याङ्ग्राको मूल्य घटाएको छ। कम्पनीले जीउँदो खसीबोका तथा च्याङ्ग्राको मूल्यमा प्रतिकिलो रु १० छुट दिएको हो । कम्पनीले शुक्रबारदेखि जीउँदो खसीबोका प्रतिकिलो रु छ सय ५० तथा च्याङ्ग्रा प्रतिकिलो रु एक हजार दुई सय २५ मा बिक्री गर्न थालेको छ।

खाद्यले यसअघि जीउँदो खसीबोका प्रतिकिलो रु १० छुट दिएर रु छ सय ७० तथा च्याङ्ग्रा रु एक हजार दुई सय ५० मा बिक्री गर्दै आएको थियो। पशुचौपायाको खरिदबिक्रीमा उपभोक्ताको उल्लेख्य सहभागिता नदेखिएको र लामो समयसम्म खसीबोका तथा च्याङ्ग्रा पाल्दा खर्च बढ्ने भएकाले मूल्य घटाएर बिक्री गर्न लागिएको कम्पनीले जनाएको छ।

उपभोक्तालाई थप सहुलियत दिने उद्देश्यले जीउँदो खसीबोका तथा च्याङ्ग्राको मूल्य घटाइएको कम्पनीको सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले बताउनुभयो । खाद्यले गत असोज ३० गतेदेखि थापाथलीस्थित बागमती प्रादेशिक कार्यालयबाट खसीबोका तथा च्याङ्ग्रा बिक्री गर्दै आएको छ।

> कम्पनीले जीउँदो खसीबोका तथा च्याङ्ग्राको मूल्यमा प्रतिकिलो रु १० छुट दिएको हो । कम्पनीले शुक्रबारदेखि जीउँदो खसीबोका प्रतिकिलो रु छ सय ५० तथा च्याङ्ग्रा प्रतिकिलो रु एक हजार दुई सय २५ मा बिक्री गर्न थालेको छ ।

खाद्यले मकवानपुर, दाङ र कैलालीबाट एक हजार छ सय ५८ खसीबोका तथा रसुवाबाट पाँच सय ५४ च्याङ्ग्रा खरिद गरेर ल्याएको थियो। हालसम्म छ सय ३० वटा मात्रै खसीबोका तथा च्याङ्ग्रा बिक्री भएको कम्पनीले जनाएको छ।

अझै एक हजार पाँच सय ८२ खसीबोका बिक्री हुन बाँकी छ। फुलपाती र अष्टमीमा खसीबोका तथा च्याङ्ग्राको बिक्री हुने गर्छ। "आज, फूलपाती र अष्टमीमा खसी बोकाको बिक्री हुने हो, लामो समयम्म राख्दा दानापानी तथा स्याहार सुसारमा खर्च गर्नुपर्ने अवस्था आउने भएकाले उपभोक्ता मूल्यमा थप छुट दिइएको हो", सूचना अधिकारी न्यौपानेले भने।

काठमाण्डु उपत्यकामा उपभोक्तालाई सहुलियत मूल्यमा स्वस्थ खसीबोका तथा च्याङ्ग्रा उपलब्ध गराई मासुजन्य पदार्थको मूल्य स्थिरीकरण गर्ने उद्देशयले कम्पनीले खसीबोका बिक्री गर्दै आइरहेको छ।

# दसैंमा हवाई टिकट नपाउँदा यात्रु अलपत्र

**टुडे समाचारदाता**

काठमाण्डु । हिन्दू धर्मालम्वीहरूको महान् चाड दसैंको रौनक घरआँगनमा आइरहेको बेला विभिन्न जिल्लाबाट घर जान हिँडेका यात्रु राँझा विमानस्थल नेपालगञ्जमा अलपत्र परेका छन् । यहाँबाट पहाडी जिल्लाका लागि हवाई टिकट नपाउँदा दसैं मनाउन कर्णाली र सुदूरपश्चिम प्रदेश जाने सर्वसाधारण नेपालगञ्ज विमानस्थलमा अलपत्र परेका हुन् ।

नेपालगञ्जमा भेटिएका हुम्लाका धनन्जय जेठाराले टिकट नपाउँदा पाँच दिनदेखि अलपत्र परेको बताए । भोजपुरमा शिक्षण पेसामा कार्यरत उनी दसैं मनाउनका लागि गृह जिल्ला जानका लागि यहाँ आए पनि टिकट नपाएकाले होटलमा बस्न बाध्य भएको बताए।

"टिकट पाइन्छ कि भनेर दैनिकरूपमा नेपाल वायुसेवा निगमको टिकट बिक्री तथा आरक्षण कक्ष धम्बोजीमा बिहानै जाने गरेको छु" जेठाराले भने, "बिहान ४:०० बजे टिकटका लागि यहाँ आएको अहिलेसम्म टिकट पाउन सकेको छैन।"

स्थलमार्ग सुरक्षित नहुँदा दुर्गम पहाडी जिल्लाका यात्रु हवाई मार्गबाट यात्रा गर्दछन् । हवाई नियमित नहुनु, सहजै टिकट नपाउनुलगायत कारणले यात्रुले समस्या भोग्दै आएका छन्। सडक सञ्जालको पहुँच नभएका कर्णाली प्रदेशको डोल्पा र हुम्लाका साथै जुम्ला, मुगु तथा सुदूरपश्चिम प्रदेशको बाजुराका बासिन्दाले टिकट नपाउँदा सास्ती झेल्नुपरेको बताएका छन् । नियमित उडान नभएकाले टिकटको दुरुपयोग हुने गरेको यात्रुहरूको गुनासो छ।

निगमका उडान अत्यन्तै न्यून हुनु, निजी एयरलाइन्सले नियमित उडान गर्नुभन्दा चार्टर उडानलाई प्राथमिकता दिनुलगायत कारणले टिकट पाउन मुस्किल हुने गरेको जेठाराले बताए। उनका अनुसार दसैंको समयमा अन्य समयभन्दा यात्रुको चाप बढि भए पनि पर्याप्त उडान नहुँदा यात्रुले सास्ती पाएका छन्।

> निगमका उडान अत्यन्तै न्यून हुनु, निजी एयरलाइन्सले नियमित उडान गर्नुभन्दा चार्टर उडानलाई प्राथमिकता दिनुलगायत कारणले टिकट पाउन मुस्किल हुने गरेको जेठाराले बताए । उनका अनुसार दसैंको समयमा अन्य समयभन्दा यात्रुको चाप बढि भए पनि पर्याप्त उडान नहुँदा यात्रुले सास्ती पाएका छन् ।

निजी एयरलाइन्सले नियमित उडान नगरेको भन्दै नियमित उडान भर्दै आएको वायुसेवामा पनि पहुँचवालाले मात्र टिकट पाउँदा आफूहरू समस्यामा परेको हुम्लाका कृष्णबहादुर सिंहले बताए । यसअघि सातामा तीन दिनमात्र उडान भर्दै आएको नेपाल एयरलाइन्सले दसैंलाई लक्षित गरी आइतबारदेखि आठ दिनका लागि उडान थप गरेको जनाएको छ।

एयरलाइन्स क्षेत्रीय कार्यालय नेपालगञ्जका स्टेशन प्रमुख मानबहादुर चौधरीका अनुसार दसैंको समयमा यात्रुको चाप बढी हुँदा उडान थप गरिएको छ। "यसअघि हप्तामा तीन दिनमात्र उडान हुँदै आएको थियो", उनले भने, "अहिले आठ दिनका लागि उडान थप गरी नियमित बनाइएको छ।"

यात्रुलाई सहजरूपमा सेवा दिने प्रयास भइरहेको बताउँदै चौधरीले बिरामी, बच्चाबच्ची, वृद्धावृद्धालाई प्राथमिकतामा राखेर टिकट वितरण गरिएको जानकारी दिए। यात्रुको चाप बढ्दा सबैले टिकट पाउन असहज भएको उनको भनाइ थियो।

बाजुरा कोल्टीकी सङ्गीता विष्टले दसैंका लागि घर जान हवाई टिकट काट्न आएको भन्दै टिकट नपाउँदा घर कसरी जाने भन्ने चिन्ता लागेको बताए । निगमले पहुँचवालालाई मात्र टिकट वितरण गर्दा आफूहरूले नपाएको उनको गुनासो थियो । "एउटा उडानमा १७ सिट हुन्छ", उनले भने, "यहाँ सातवटा टिकटमात्र सर्वसाधारणलाई दिने गरिन्छ। बाँकी टिकट पहुँचवालाले पाउँछन्।"

# नेपालमा चामलको मूल्य घट्ने





**टुडे समाचारदाता**

काठमाण्डु । धानको नयाँ बाली भित्र्याउने र भारतले चामल निर्यात खुलाएकाले चामलको मूल्य घट्दै जाने आकलन गरिएको छ । पछिल्लो समय नेपाललाई भारतले बासमती बाहेकका चामल निर्यातमा रोक लगाउँदा दुई सय रुपैयाँ प्रतिबोर ासम्म मूल्य वृद्धि भएको थियो।

भारतले निर्यात रोक लगाउनुअघि २५ किलो चामलसहित प्रतिबोरा दुई हजारदेखि दुई हजार ५० रुपैयाँमा बिक्री भएको थियो । तर तीन महिना यता प्रतिबोरा चामल दुई हजार दुई सय ५० रुपैयाँसम्म पुगेको छ। यही कार्तिक १ गतेबाट भारतले चामलमा लगाएको प्रतिबन्ध हटाएको छ।

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले चामलमा रोक लागेसँगै बढेको मूल्य भारतले निर्यांत फुकुवा गरेसँगै घट्नुपर्ने तर्क गर्छन्। 'प्रतिबन्धको बहानबाजी गरी चामलको मूल्यवृद्धि गर्ने तर घटाउन नमान्ने भन्ने हुँदैन,' उनी भन्छन्, 'नेपाली उत्पादन बजारमा आउने सिजन भयो, चामलको मूल्य घटाउन सरकारले पहल गर्नुपर्छ।'

व्यापारीले अहिले चामलको थोक मूल्य केही घटेको दाबी गरेका छन्। नेपाल खुद्रा व्यापार संघका कार्यवाहक अध्यक्ष नरेश शाहीले २५ किलो बोराको जिरा मसिनो चामलमा ५० देखि ७५ रुपैयाँसम्म घटेको बताए । 'भारतले निर्यात रोक लगाएपछि प्रतिबोरा चामलमा दुई सय रुपैयाँ मूल्य वृद्धि भएको थियो,' उनी भन्छन्, 'अहिले प्रतिबोरा चामलमा ५० देखि ७५ रुपैयाँ थोक मूल्य घटेको छ ।' हाल धान भित्र्याउने सिजन भएकाले पनि चामलको मूल्य घट्दै जाने शाहीको आकलन छ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना अधिकारी तथा निर्देशक आनन्दराज पोखरेलका अनुसार, पुरानो चामल मौज्दात र नयाँ फसल भित्रिने भएकाले चामलको मूल्यमा कमी आउने बताए । 'चामलको थोक मूल्य एक महिनाअघि नै घटेको छ,' पोखरेल भन्छन्, 'पुरानो चामल मौज्दात छ, नयाँ फसल भित्रिने र भारतले चामलमा प्रतिबन्ध फुकुवा गरेकाले चामलको मूल्य घट्छ।'

चामलको मूल्य घटबढ हुनुमा उत्पादन, ढुवानी, प्रशोधन र उत्पादन लागतमा निर्भर हुने जानकारहरु बताउँछन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी प्रवक्ता सवनम शिवकोटीले चाडबाडका बेला व्यापारीले चामलको मूल्य घटाउन नमान्ने बताइन् । उनी भन्छिन्, 'बढिसकेको मूल्य दसैंको मुखमा व्यापारीले के घटाउलान र ?'

केही महिना अघिमात्रै भारतले बासमती बाहेक चामलमा रोक लगाएको थियो। नेपाल लगायत ७ देशका लागि भारतले चामल निर्यातमा प्रतिवन्ध फुकुवा गरेको छ। यो फुकुवा भएसँगै नेपालले ९५ मेट्रिक टन चामल आयात गर्न पाउने बाटो खुलेको हो।

## वार्षिक अर्बौं रकमको चामल आयात


नेपालीको भान्छामा भातको माग बढेसँगै हरेक वर्ष विदेशबाट चामलको आयात बढ्दो छ । सरकारी तथ्याङ्क अनुसार, हाल नेपालमा वार्षिक कुल ४० लाख मेट्रिक टन चामलको माग छ । स्वदेशी उत्पादनबाट ३४ लाख मेट्रिक टनमात्र उपलब्ध हुन्छ। माग पूर्तिका लागि भारत, थाइल्याण्ड, चीन लगायत मुलुकबाट अर्बौ रकमको चामल नेपाल भित्रिन्छ। चालु आर्थिक वर्षको तीन महिना यता चामलमा रोक लगाएकाले आयात भएको देखिँदैन।

भन्सार विभागका अनुसार, आर्थिक वर्ष २०७७/७८ मा नेपालले ३० अर्ब २३ करोड ६९ लाख रुपैयाँको चामल आयात गरेको थियो। सो रकम बराबर ६ लाख ३६ हजार मेट्रिक टन चामल आयात भएको थियो । आर्थिक वर्ष २०७८/०८९ मा ५ लाख ७८ हजार मेट्रिक टन चामलको लागि ३० अर्ब ५८ करोड २९ लाख रुपैयाँ बहिरिएको छ। अन्य वर्षको तुलनामा गत वर्ष चामल आयात घटेको भन्सार विभागको तथ्याङ्क छ । गत वर्ष १५ अर्ब ९१ करोड २४ लाख रुपैयाँको दुई लाख ३३ हजार मेट्रिक टन चामल आयात भएको छ।

## कति हुन्छ आन्तरिक उत्पादन ?

नेपालमा बाढी, मल अभाव र प्रकोप लगायत कारणले धानको उत्पादन घट्ने अवस्था देखिएको छ। कृषि मन्त्रालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/७७ मा ५५ लाख ५० हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यस्तै, आर्थिक वर्ष २०७७/७८ मा ५६ लाख २१ हजार मेट्रिक टन उत्पादत भएको थियो। २०७८/७९ मा ८ दशमलब ७४ प्रतिशतले धानको उत्पादन घटेको छ। यो वर्ष ५१ लाख ३० हजार मेट्रिक टन धान फलेको थियो। वार्षिक सरदर ५४ लाख मेट्रिक टन धानबाट प्रशोधन खर्च कटाएर करिब ३४ लाख मेट्रिक टनको हाराहारीमा चामल उपलब्ध हुन्छ । नेपालमा १४ लाखभन्दा बढी हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ।

# नवीकरणीय सौर्य उर्जा उत्पादनको तयारी



देउखुरी। नेपाल संस्कृत विश्वविद्यालय दाङको जग्गामा नवीकरणीय सौर्य ऊर्जा उत्पादनका लागि विदेशी लगानीकर्ता दाङ आएका छन् । नेपाल संस्कृत विश्वविद्यालयको देउखुरीस्थित राजपुर गाउँपालिका र गढवा गाउँपालिकामा रहेको जग्गामा सौर्य ऊर्जा उत्पादन गर्ने लक्ष्यसहित परियोजना सञ्चालन गर्न विदेशी लगानीकर्ता जिल्लामा आएको हो।

नेपाल संस्कृत विश्वविद्यालय देउखुरी जग्गा सञ्चालक समितिले नयाँ परियोजना सम्बन्धमा बिहीबार दाङको घोराहीमा बृहत् छलफल कार्यक्रम गरेको छ । लामो समयदेखि विवादमा रहेको जग्गामा विदेशी लगानीसहितको परियोजना भित्रिन थालेपछि यसप्रति चासो बढेको छ।

हालको समस्यालाई समाधान गरी एकीकृत रुपमा जग्गा उपयोगमा ल्याउन नयाँ परियोजना ल्याएर आम्दानीको स्रोत कायम गर्न विदेशी लगानीकर्तासँग सहकार्य गर्न विश्वविद्यालय अघि बढेको हो। विसं २०५९ यता नेपाल संस्कृत विश्वविद्यालयले देउखुरीको राजपुर, लमही र गढवा क्षेत्रमा रहेको एक हजार तीन सय ३६ बिघा जग्गाबाट आयस्ता पाउन सकेको छैन।

नेपाल संस्कृत विश्वविद्यालयको जग्गामा अहिले मोहियानी हक भएका, गैरमोही किसान तथा केही राजनीतिक आडमा जग्गा अतिक्रमण गरी बसेकाहरुले जग्गाको भोगाधिकार गरेबापत कुनै प्रकारको शुल्क र उत्पादन विश्व विद्यालयलाई दिने गरेका छैनन्।

उक्त जग्गामध्ये चार सय आठ बिघा जग्गामा मोही किसान रहेको नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डीका कुलसचिव माधव अधिकारीले जानकारी दिनुभयो । मोही किसानलाई चार सय आठ बिघा जग्गा दिएर बाँकी रहेको जग्गा विश्वविद्यालयले उपभोग गर्ने गरी फिर्ता ल्याउनका लागि पटक पटक प्रयास भए पनि सफल हुन नसकेपछि पछिल्लो समय एकीकृत रुपमा सबै जग्गा उपभोगमा ल्याउन विदेशी लगानीकर्तासँग सहकार्य गर्न कदम अघि बढाएको उहाँले बताउनुभयो।

अधिकारीले विदेशी कम्पनीहरुको नजर विश्वविद्यालयको जग्गामा बढी परेको बताउनुभयो। लटीनाथ कृषि कम्पनी, एनआएनएको टोली, विद्युत् उत्पादन कम्पनी लगायतले जग्गा खोज्दै सम्पर्कमा आएको उहाँले बताउनुभयो । कम्पनीले दाङसहित पश्चिम क्षेत्रलाई आधार बनाएर सोलार प्रणालीबाट सौर्य ऊर्जा गर्न करिब रु २२ अर्ब लगानी गर्न इच्छुक देखिएको डोल्मा हिमालयन इनर्जी लिमिटेड युकेका लगानी व्यवस्थापक दीपेन्द्र श्रेष्ठले जानकारी दिनुभयो। उक्त परियोजनाबाट दुई सय ४५ डिसी क्षमतामा २० मेगावाट प्रति घण्टा ऊर्जा उत्पादन गरी सिधै ग्रिडमा जोड्ने योजना रहेको लगानी व्यवस्थापक श्रेष्ठले जानकारी दिनुभयो । यो परियोजना देशभर सञ्चालन गर्दै सात सय ५० मेगावाट सौर्य ऊर्जा उत्पादन गरी नेपाल विद्युत् प्राधिकरणलाई बिक्री गर्ने बताइएको छ।

कम्पनीले उत्पादन गरेको ऊर्जा नेपाल विद्युत् प्राविधिकरणले खरिद गर्ने प्रारम्भिक सहमति समेत भएको छ । जिल्लामा विदेशी लगानीसहितको परियोजना भित्र्याउन मन्त्रिपरिषद्बाट निर्णय भई लगानी बोर्डले पनि कामको प्रक्रिया अघि बढाउन अनुमति प्रदान गरिसकेको परियोजनाका कानुनी विज्ञ चिरन्जीवी उपाध्यायले जानकारी दिनुभयो।

उहाँका अनुसार देउखुरीको राजपुरमा प्रारम्भिक अध्ययन भएको र सौर्य उत्पादनका लागि सोलार रेडियसनको राम्रो सम्भावना देखिएको छ। डोल्पा हिमालयन इनर्जी लिमिटेडले नेपालमा अस्पताल, नवीकरणीय ऊर्जा, फर्मासिटिकल, लजिष्टिक क्षेत्रमा लगानी गर्दै आएको डोल्मा हिमालयन इनर्जी लिमिटेडका परियोजना व्यवस्थापक विवेक रञ्जनले जानकारी दिनुभयो।

उहाँका अनुसार लगानी बोर्डबाट परियोजना सञ्चालनका लागि स्वीकृत भइसकेकाले स्थानीयस्तरमा कसरी अघि बढ्न सकिन्छ भनेर छलफल अघि बढाइएको बताइएको छ । परियोजना सञ्चालन गर्न नेपाल संस्कृत विश्वविद्यालयको करिब आठ सय बिघा जग्गा प्रयोग गर्ने गरी सहकार्य गर्न लागिएको हो।

विश्वविद्यालयले आफ्नो मातहतको जग्गालाई कसरी व्यवस्थापन गर्ने अधिकार भए पनि जग्गा उपभोग गर्दै आएका स्थानीय, राजनीतिक दलहरुको आडमा बसेका केही बिचौलियाको प्रभावका कारण ठोस कदम चाल्न सकेको छैन। यो बेलामा विदेशी लगानीकर्ताले दाङमा सौर्य ऊर्जा उत्पादन गर्न यति धेरै जग्गा लिन खोजेपछि विश्वविद्यालयले स्थानीयावासी, स्थानीय सरकार, राजनीतिक दल, सरोकार निकायको धारणा बुझ्ने कोशिस गरेको छ।

बिहीबार सबैलाई एकै थलोमा राखेर नयाँ परियोजनाबारे जानकारी गराउँदै जग्गा उपभोगमा देखापरेको समस्याको गाँठो कसरी फुकाउन सकिन्छ भनेर राय सुझाव पनि लिइएको छ। बिहीबारको छलफलमा राष्ट्रियसभा सदस्य अनिता देवकोटा, प्रतिनिधिसभा सदस्य मेनका पोखेल, राजपुर, घोराही, तुलसीपुरका स्थानीय तहका प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, विश्वविद्यालयलाई जग्गा दान दिएका जग्गादाताका परिवार, राजनीतिक दलका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो। रासस

# प्रति १० ग्राम दुई हजारले बढ्यो सुनको मूल्य

**टुडे समाचारदाता**

काठमाण्डु। इजरायल-प्यालेस्टिन द्वन्द्व र अमेरिकी डलरको विनिमय दर थप मजबुत भएका कारण विश्वबजारमा यस साता सुनको मूल्यमा उच्च अङ्कले वृद्धि भएको छ। विश्वव्यापी रूपमा भएको मूल्यवृद्धिको प्रभाव आन्तरिक बजारमा समेत परेको छ।

नेपाली बजारमा पनि यो साताको पहिलो दिन आइतबार प्रति १० ग्राम रु ९६ हजार आठ सय ८० रहेको सुनको मूल्य साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम रु ९९ हजार २५ मा पुगेको छ। जुन साताको पहिलो दिनको तुलनामा अन्तिम दिन प्रति १० ग्राम रु दुई हजार एक सय ४५ ले बढी हो।

इजरायल-प्यालेस्टिन द्वन्द्वको प्रभाव र अमेरिकी डलरको विनिमय दरमा भएको वृद्धिका कारण लगानीकर्ता सुरक्षित लगानीका रूपमा सुनतर्फ आकर्षित भएका कारणले सुनको मूल्य वृद्धिमा चाप परेको बताइएको छ।

दुई साताअघिसम्म निरन्तर बढेको सुनको मूल्य त्यसयता अमेरिकी डलरको विनिमय दर लगभग स्थिर बन्दै गए पछि केही दिन घटेको थियो। द्वन्द्वका कारण कच्चा तेलको मूल्यमा समेत उतारचढाव आई त्यसको प्रभाव सुनको मूल्यमा समेत पर्नसक्ने विश्लेषकको अनुमान छ।

यस्तै यस साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ। साताको पहिलो दिन रु एक हजार एक सय ९२ मा कारोबार भएको चाँदीको मूल्य साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम रु एक हजार दुई सय पुगेको छ।

# बेलनौती सम्पन्न, आज बेलतोडी

**संजय कुमार यादव**



जनकपुरधाम । विजया दशमीको छैठौं दिन जनकपुरधामको दुर्गा शक्ति पीठहरुमा 'बेलनौती' गरिएको छ । दुर्गा शक्तिपीठहरुबाट बाजा गाजाका साथ पण्डित र पुजारी पुगेर बेल रुखलाई पूजापाठ गरी 'बेलनौती' गरिएको छ ।

शक्ति पीठमा माता दुर्गाको प्रतिमा स्थापना गर्दा आँखा बनाइएको हुँदैन । सप्तमीका दिन पूजा गरेपछि मात्र आँखा राखिन्छ । यो विधिका लागि षष्ठीका दिन बेललाई निमन्त्रण गर्ने चलन छ । जसलाई बेलनौती भनिन्छ ।

सोही अनुसार बेलको रूखको एउटै हाँगामा फलेको जोडा बेललाई रातो कपडामा बेरेर बेल निमन्त्रण गरिन्छ । सो बेललाई सप्तमीका दिन काटेर पालकीमा राखेल शक्ति पीठ ल्याउने चलन छ । पूजापाठ गरी ल्याउने बेलको पातको डाँठबाट दुर्गाको आँखा उघार्ने गरिन्छ, जसलाई पूर्ण आकारको दुर्गा जन्म भएको मानिन्छ । सोही क्रममा राम मन्दिरका महन्त राम गिरी र राजदेवी मन्दिरका पण्डित गणेश झालेपनि विधिपूर्वक राजदेवी माताका लागि बेलनौती गरेका छन् । सप्तमीका दिन नौतिएको बेललाई तोडेर भगवतीको डिम्भा (आँखा) उघार्ने परम्परा रहेको छ ।

# नवरात्रा पर्वको रूपमा मनाउने कि उत्सवको रूपमा ?

**ब्लग :**



**श्यामसुन्दर शशि**

सात वर्ष अघि म स्वयंले लेखेको एउटा आलेखको शीर्षक प्रत्येक वर्ष शारदीय नवरात्राको मौसममा स्मृति पटलमा ताजा भएर आउँछ । आलेखको शीर्षक थियो - ' एक करोडको दशैं । लगानी अनुत्पादक कि उत्पादक? सात वर्षको निरन्तर अध्ययन अनुसन्धानमा पनि यस प्रश्नको उत्तर खोज्न पाएको छैन् । प्रिय पाठकहरुसंग यस प्रश्नको उत्तर छ भन्ने यसै पत्रिकामा प्रतिकृयामार्फत मलाई सम्झाउँनु होला । आभारी हुनेछु ।

यी सात वर्षको अध्ययनले मेरो मनमा अर्को प्रश्न पनि उब्जाएको छ- ' नवरात्रा पर्वको रुपमा मनाउने कि उत्सवको रुपमा? मिथिला समाजमा नवरात्रा पर्वको रुपमा मनाउने चलन थियो कि त्यौहारको रुपमा? ' नवरात्रा आयोजन गर्ने संघ संस्था र म स्वयंलाई गाह्रो लागेको विषयमा मन्थन गर्नु चुनौतीपूर्ण छ । कारण समाज असहिष्णु बन्दै छ । फरक मतलाई विरोधी ठान्ने प्रवृत्ति ह्वात्तै बढेको छ । तर शास्त्र भन्छ - वादे वादे जायते तत्व बोध : अर्थात विचार मन्थनबाट तत्वको रहस्य बुझ्न सकिन्छ । त्यसैले जोखिमयुक्त यात्रा गर्न डराउनु हुन्न भन्ने मेरो मान्यता छ ।

सामान्य रूपमा पर्व र उत्सवलाई समानार्थी मानिन्छ तर समाजशास्त्रीहरु यस्तो मान्दैनन् । पर्वको अर्थ हुन्छ - संधि । अर्थात जुन तिथि कुनै विशेष घटना वा प्रसंगसंग जोडिएको हुन्छ, त्यो तिथि पर्व हो । नवरात्रा, रामजानकी विवाह महोत्सव, रामनवमी, जानकी नवमी, जितिया, छठि आदि पर्वहरु प्रत्येक वर्ष निर्धारित तिथिमा आयोजन हुन्छ । अत : यी पर्वहरु हुन् । पर्वको सम्बन्ध आस्थासंग हुन्छ । साधनासंग हुन्छ । पूजा पाठ तथा धार्मिक उपक्रमसंग हुन्छ ।

अर्को तर्फ त्योहार वा उत्सव कुनै विशेष तिथिमा फुर्सद (विदा) लिएर मनाउने उपक्रम हो । त्यौहार र उत्सवमा सामान्यतया फुर्सदको समयमा मनाइन्छ । फुर्सदको अवधिलाई सुखमय बनाउन मनोरंजनका साधनहरुको उपयोग गरिन्छ अनि परिवारका साथ रमाइलो गरिन्छ । वसन्त ऋतुको आनन्द लिन फागु उत्सव, गर्मी मौसमको आनन्द लिन जुडशितल आदि उत्सवहरु हुन् ।

त्यौहारमा विशेष प्रकारको उत्सव मनाइन्छ । पर्वमा विशेष प्रकारको साधना गरिन्छ । त्योहारमा बाहिरी चमकधमक हुन्छ । पर्वमा भित्री उत्साह हुन्छ । त्यौहारमा उत्सवको अभिव्यक्त हुन्छ । पर्वमा आत्मिक उत्साह उत्कर्षमा हुन्छ । पर्वहरुको मुख्य उद्देश्य धार्मिक आदर्शहरुको पालन, समाजिक एकता र समरसता, आनन्दाभूति आदिको भाव हुन्छ । यस प्रकार हाम्रो समाजमा मनाइने नवरात्रा, दीपावली, ईद, क्रिसमश आदि पर्वहरु हुन भने होली, जूडशीतल, हुर्राहुर्री, गणतन्त्र दिवस आदि उत्सवहरु हुन । चुकी हामी रामजानकी विवाह महोत्सवमा वैवाहिक उपक्रम गर्छौ । राम नवमीमा रामको जन्मदिन मनाउँछौ अतः यस्ता अवसरहरुलाई पर्वसंगै उत्सवको रुपमा पनि मनाउने चलन छ ।

सीता जन्मस्थल मिथिलाञ्चलमा भगवतीलाई छोरीको रुपमा स्नेह गर्ने चलन छ । छोरीलाई निम्तो दिइ माइती बोलाइए जस्तै नवरात्रामा निम्तो दिएर भगवतीलाई बोलाउँछौं । सोहर गाएर स्वागत गर्छौ र समदाओन गाएर विदाई गर्छौ । भगवतीलाई प्रशन्न पार्न भगवती बन्दनाका गीतहरु गाउछौं । सविधि पूजापाठ गर्छौ । तर अहिले जनकपुरमा आयोजन हुनै नवरात्रा पर्व भन्दा पनि उत्सवको रुपमा परिणत हुन थालेको छ । भक्ति र साधना कहिँ कतै देखिदैन । सर्वत्र चमकधमक मात्र देखिन थालिएको छ ।

साहित्यकार तथा संस्कृतिप्रेमी धीरेन्द्र प्रेमर्षि बिहीबार राति जनकपुरका विभिन्न शक्तिपीठ तथा दुर्गा पूजा स्थलहरुको दर्शन गरेपछि शुक्रबार बिहान लेख्नु भएको छ - ' बीतल राति जनकपुरधामक जानकी मन्दिर, राजदेवी मन्दिर तथा विभिन्न दुर्गा पूजा पण्डालमे एकटा बात ई बुझाएल जेना भक्ति गीतक नामपर मनमौजी प्रकृतिक ध्वनि प्रसारण (शब्द, संगीत एवं कर्कशता) सँ परेशान भ' स्वयं भगवतियो ओहि पण्डालसभसँ बहरा कतौ चलि गेल हेतीह । रामानन्दचौक परक भगवती पण्डालमे होइत झिझिया नृत्य देखिक' बहराइत एकटा महिला समूहक आपसी बातचीतमे गजब मूल्यांकन क्षमता छलै- चल, अइसँ निम्मन झिझिया अपने खेला लेब । ..... जनकपुरसँ ससरैत जनकपुरियत । एना लगै छै जेना कोनो तरह भङठीक लेल कोनो संयन्त्रे ने रहि गेल होइ अइठाम ।



प्रेमर्षिले टिप्पणी गरे जस्तै जनकपुरबाट जनकपुरियत (जनकपुरको मौलिक संस्कृति) हराएकै हो ? राम र महावीर युवाक्लवबीच वर्षौदेखि जारी चर्को ध्वनिमा लाउड स्पीकर बजाउने प्रतिस्पर्धाले स्वयं भगवतीलाई पनि असजिलो भएकै हो ? विधिवत निम्तो दिएर माइती बोलाइएकी भगवतीलाई साधना चाहियो कि चमकधमक? मन मुटुलाई शान्त बनाउने मधुरो स्वरमा बज्ने गीतको निरझरनी चाहियो कि चर्को स्वरमा हुने हो हल्ला? नेता, प्रशासक तथा कथित भिभिआईपीहरु भगवती भन्दा पनि ठूला हुन? श्रद्धालु प्रौढ-प्रौढा, महिला र बालबालिका घन्टौ लाममा लागेको बेला नेता, प्रशासक तथा कथित भिभिआइपीहरुलाई स्पेशल दर्शन गराउनुलाई के भन्ने ? कथित भिभिआईपीहरुलाई मञ्चमा बोलाएर अबिर यात्रा गर्नलाई नवरात्राको आयोजन गरिएको हो कि समाजको शान्ति र समृद्धिका लागि? अन्तमा नवरात्रालाई पर्वको रुपमा मनाउन खोजिएको हो कि उत्सवको रुपमा? मन्थन जरुरी छ ।

# मधेशको पत्रकारिताप्रति चित्त बुझेको छैन : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेशको पत्रकारिताप्रति असन्तुष्टि जनाएका छन् ।

आमसञ्चार प्राधिकरणद्वारा प्रकाशित बाटो पत्रकारिता पुस्तक सार्वजनिकीकरण



कार्यक्रममा उनले प्रदेशमा उल्टो-उल्टो पत्रकारिता गर्ने प्रवृत्ति मौलाउँदै गएकोप्रति असन्तुष्टि जनाएका छन् ।

मुख्यमन्त्री यादवले राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो लेखन गर्ने पत्रकारिता नभएकाले आफूलाई मधेशको पत्रकारिताप्रति चित्त नबुझेको धारणा राखे ।

उनले राम्रो कामको समाचार आउँदैन, भ्रामक, मिथ्या र नकारात्मक समाचारको बाहुल्य हुनु चिन्ताको विषय भएको प्रसंग उल्लेख गरे ।

एउटा अनलाइनमा आफ्नो र अर्थमन्त्रीको सम्बन्धबारे गलत समाचार प्रकाशन भएकोप्रति असन्तुष्टि जनाउँदै उनले संघीय सरकार बाधक रहेको समस्या सन्दर्भमा कुरै नबुझि आफ्नो र अर्थमन्त्रीबीच बोलचाल छैन भनी समाचार प्रकाशन हुनु दुखःद भएको बताए ।

आफू ढुलमुल नीतिको विरोधी भएको चर्चा गर्दे सरकारको नीति विपरीत भएकालाई मन्त्रिमण्डलमा रहीरहने कुनै सबालै छैन भन्दै उनले वास्तविकता , तथ्यपरक पत्रकारिताका लागि मधेशमा दक्षता अभिवृद्धि प्रशिक्षणको खाँचौ औल्याए ।

नकारात्मक भन्दा सकारात्मक समाचार संप्रेषणको आवश्यकतामाथि जोड दिंदै उनले इमानदारीपूर्वक पत्रकारिता गर्नु अपरिहार्य भइसकेको धारणा राखे ।

पत्रकारिता प्रशिक्षणसम्बन्धी एकीकृत स्रोतका रुपमा वरिष्ठ पत्रकार एवं प्रशिक्षक धर्मेन्द्र झाद्वारा लिखित बाटो पत्रकारिता नामक पुस्तकबाट प्रशिक्षण कार्यक्रमलाई सहजीकरण गर्न सहायक हुने अपेक्षा गरिएको छ ।

पुस्तकमा आधारभूत, टेलिभिजन, श्रव्य-दृश्य छायांकन एवं सम्पादन, रेडियो, फोटो र कृषि पत्रकारितासँग सम्बन्धित प्रशिक्षण र पाठ्यसामग्रीलाई एकीकृत रुपमा समेटिएको छ ।

पाँच खण्डमा विभाजित पुस्तकमा पहिलो खण्डमा प्रशिक्षणको परिचय, उद्देश्य, पाठ्यक्रमको रुपरेखा, प्रशिक्षण पद्धति एवं विधि उल्लेख छ भने दोस्रो खण्डमा प्रशिक्षणका विभिन्न चरणका विवरण समावेश गरिएको छ ।

यस्तै तेस्रो र चौथो खण्डमा केही पाठ्य सामग्री समावेश छ भने पाँचौं खण्डमा अनुसूची र सन्दर्भ उल्लेख गरिएको छ ।

पुस्तकमा मधेश प्रदेशलाई लक्षित गरी सम्बन्धित समुदायलाई पत्रकारिताका दृष्टिकोणले सशक्त बनाउन आवश्यक अवधारणा, ज्ञान, सीप प्रदान गर्ने लक्ष्यलाई मूर्तता प्रदान , प्रशिक्षण कार्यक्रमहरु व्यवस्थित ढंगले सञ्चालन र दक्षता अभिवृद्धि गरिने विश्वास गरिएको छ ।

मुख्यमन्त्री सरोजकुमार यादव र गृह सञ्चार तथा कानुन मन्त्री मो. समिमलगायत प्रदेशका मन्त्रीहरुद्वारा संयुक्त रुपमा सार्वजनिकीकरण गरिएको सो पुस्तक मधेशको पत्रकारिताको विकासमा महत्वपूर्ण साबित हुने अपेक्षा राखिएको छ ।

कार्यक्रममा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले प्रकाशित पुस्तक मूलतः पत्रकारिता पेशामा संलग्न पत्रकार तथा पत्रकारितालाई पेशा बनाउन चाहना बोकेका नयाँ पुस्तालाई प्रशिक्षित गर्न आयोजना गरिने प्रशिक्षणका लागि तयार गरिएको जानकारी दिए ।

प्रकाशित पुस्तक स्थानीय तह, पत्रकारिता तालिम सञ्चालन गर्ने संघ-संस्थाका लागि समेत उपयोगी हुने विश्वास उनले व्यक्त गरेका थिए ।

# उखुको अनुदान माग गर्दै प्रदर्शन

**टुडे समाचारदाता**




सर्लाही । दशैंमा समेत सरकारले उखुको अनुदान उपलब्ध नगराएपछि सर्लाहीका उखु किसानले शुक्रबार हरिवनमा प्रदर्शन गरेका छन् ।

प्रत्येक वर्ष दशैंमा किसानलाई उखुको अनुदान रकम उपलब्ध गराइन्थ्यो । तर यो वर्ष भने दशैंमा अनुदान रकम हात नलागेपछि आक्रोशित किसानले हरिवनस्थित पूर्व-पश्चिम राजमार्गमा प्रदर्शन गरेका छन् ।

मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले शुक्रबार साङ्केतिक आन्दोलन गरिएको र दशैंपछि थप आन्दोलन गर्ने चेतावनी दिए । किसानलाई कति दुःख र समस्या छ ? भन्ने कुरा सरकारले बुझ्दै नबुझेको उप्रेतीले गुनासो गरे । उनका अनुसार संघीय सरकारले असोज २५ गतेसम्म जिल्लामा रकम पठाउने आश्वासन दिएको थियो । कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलिनिका) मलङ्गवाका कोष नियन्त्रक पुरुषोत्तम बरालका अनुसार सर्लाहीका लागि प्राप्त हुनुपर्ने २९ करोड २५ लाख ५२ हजार ७४९ रुपैयाँ ३ पैसामध्ये बिहीबार नौ करोड रुपैयाँ मात्रै प्राप्त भएको छ ।

दशैं लगत्तै बाँकी रकम निकासा भए कार्यालयले गर्नुपर्ने काम पूरा गरी तिहार अघि किसानको खातामा पैसा पठाउन सम्भव हुने कोष नियन्त्रक बरालले जानकारी दिए । सरकारले गएको वर्ष क्रसिङ सिजन २०७९/०८० मा उखुको मूल्य प्रतिक्विन्टल ६१० रुपैयाँ निर्धारण गरेकोमा चिनी उद्योगले ५४० रुपैयाँ भुक्तानी गर्ने र बाँकी ७० रुपैयाँ सरकारले अनुदान बापत उपलब्ध गराउने उल्लेख छ ।

दशैं सुरुभएसँगै नयाँ उखु रोप्ने समय भएकाले सरकारबाट अनुदान रकम नपाउँदा किसान आर्थिक सङ्कटमा परेको नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले बताए ।

शुक्रबारबाट आन्दोलन सुरु गरेका किसानलाई स्थानीय प्रशासनले दशैंपछि अनुदान रकम उपलब्ध गराउन पहल गर्ने प्रतिबद्धता जनाएपछि तत्कालका लागि आन्दोलन स्थगित गरेका छन् ।

# नगरसभा स्थगित, मुलगेटमा तालाबन्दी

**टुडे समाचारदाता**



बारा । सिम्रौनगढ नगरपालिकाको सातौं नगरसभा स्थगित गरिएको छ । मेयर किशोरी प्रसाद कलवारले नगरसभा कार्तिक ३ गते हुने जानकारी गराउँदै सबै नगरसभा सदस्यलाई आह्वान गरेको भएपनि मेयर कलवार आफै पालिकाको सभाहल सिम्रौनगढमा उपस्थित नहुँदा नगरसभा स्थगित भएको छ ।

नगरप्रमुख कलबार सभामा उपस्थित नहुँदा अन्योलता बढेपछि उपमेयर नजमु शेहरको अध्यक्षतामा नगरसभा सदस्यहरुको बैठक बसी सभा स्थगन गरिएको निर्णय गरेका थिए ।

५९ जना नगरसभा सदस्य रहेकोमा उपमेयर नजमु शेहरको अध्यक्षतामा पालिकाको सभाहलमा बसेको नगरसभा सदस्यहरुको बैठकमा ३९ जनाले हस्ताक्षर गर्दै नगरसभा स्थगित गर्ने निर्णय भएको वडा नम्बर ४ का वडाअध्यक्ष अवधेश सहनीले जानकारी दिए ।

बैठकले मेयर किशोरी प्रसाद कलवारको स्वेच्छाचारी, प्रवृत्तिको विरोधमा बहुमत नगरसभा सदस्यहरुले सिम्रौनगढ नगरपालिकामा अनिश्तिकालकालागि विषयगत शाखाहरु लगायत कार्यालयको ढोकामा तालाबन्दी गरी मेयर कलवारको विरोधमा आन्दोलन गर्ने निर्णय समेत गरिएको वडा नम्बर ११ का वडा अध्यक्ष सुरेन्द्र प्रसाद जयसवालले बताए ।

यति हुँदा समेत मेयर कलवारले सहमतिमा नगरसभा गर्न नमानेमा सबै वडाको कामकाज समेत ठप्प पार्ने वडा नम्बर १ का वडा अध्यक्ष दिनदयाल मुखियाले जानकारी दिए ।

सिम्रौनगढ नगरपालिकाको सभाहलमा मेयर कलवार स्वयम आफै उपस्थित नभइ करिब दुई तिहाई बहुमतको नगरसभा सदस्यहरुलाई पाखा लगाउँदै चोर बाटोबाट अवैधानिक रुपमा कानुन विपरित नगरसभा गरेको नाटक मंचनको कडा रुपमा खेद प्रकट गर्ने बैठकले निर्णय समेत गरेको उपमेयर नजमु शेहरले जानकारी दिइन ।

बिहानै देखि बाक्लो रुपमा सिम्रौनगढ नगरपालिकाको सभा अगाडि प्रहरी परिचालन गरी नगरसभा विधिवत रुपमा सम्पन्न गर्नका लागि जनप्रतिनिधिहरु तयार रहेको भएपनि मेयर कलवारले ती सबै तयारीलाई भत्काउँदै आदर्श कोतवाल गाउँपालिका वडा नम्बर ८ स्थित रहेको आफ्नो निजी जानकी पेट्रोल पम्पमा केही नगरसभा सदस्यहरुलाई बोलाई विधि र प्रक्रियालाई समेत खिल्ली उडाउँदै दर्ता चलानी नै नगरेको पत्रमार्फत नगरसभा सम्पन्न भयो भनेर विज्ञप्ति निकाली पालिकालाई नै मेयर कलवारले हास्यास्पद बनाएको वडा नम्बर ३ का वडा अध्यक्ष ऐजुल्लाह अंसारीले भने ।

# कलश यात्रा सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । राजपुर नगरपालिका वड़ा नंबर ५ राजपुर फरहदवामा धार्मिक एकता सद्भावका साथ बेल निमन्त्रण तथा भव्य कलश शोभा यात्रा सम्पन्न भएको छ ।

सुरक्षाको दृष्टिले अति सम्बेदनशील मानिएको राजपुर फरहदवामा दुबै समुदायको नेतृत्वकर्ताहरुको सहभागितामा कडा सुरक्षाकोबीच बडा दशैंको छैठौ दिन कलश शोभा यात्रासहित बेल निमन्त्रण विधि सम्पन्न भएको छ ।

दुर्गा पूजा स्थलबाट सयौं कुमारी कन्याको सहभागितामा बाजा गाजासहित निकालिएको कलश शोभा यात्रा गाउँ परिक्रमा गर्दै पुनः पूजा स्थलमा फर्किएका थिए ।

कलश शोभा यात्रामा सहभागी भएका राजपुर नगरपालिकाका नगर प्रमुख डा. राजिक आलमले गाउँमा आयोजना गरिएको हिन्दूहरुको महा पर्व विजयादशमीको अवसरमा निकालिएको शान्तिपूर्ण कलश यात्रा सम्पन्न भएकोमा आफू निकै उत्साहित रहेको बताए ।

पिता पूर्व मन्त्री महमद आफताव आलमले देखाएको मार्गमा अघि बढ्ने प्रयास गरिरहेको बताउँदै आजको सहभागिताले धार्मिक एकताको ठूलो सन्देश दिएको बताए उनले बताए ।

निर्वाचन क्षेत्र नम्बर २ प्रदेश सभा (क) का नेकपा एमालेका प्रदेश सांसद मोहमद जैद राजाले दुबै समुदायका व्यक्तिको उल्लेखनीय सहभागितामा कलश शोभा यात्रा निकालिएकोमा एकताको प्रतीकको रुपमा लिएको प्रतिक्रिया दिए ।

नेपाली कांग्रेस रौतहटका जिल्ला सचिव रामचन्द्र गिरीले शान्तिपूर्वक सम्पन्न भएको कलश शोभा यात्राले सामाजिक सद्भाव तथा एकता कायम रहेको पुष्टि गरेको बताए ।

कलश यात्रामा २ सय ५० भन्दा बढी नेपाल प्रहरी ,सशस्त्र प्रहरी तथा विशेष प्रहरीले सुरक्षा प्रदान गरेका थिए ।

बडा दशैको छैठौ दिन जिल्लाको गौर नगरपालिका, राजदेवी नगरपालिका, दुर्गा भगवती गाउँपालिका, गरुडा नगरपालिका, परोहा नगरपालिका, ईशनाथ नगरपालिकालगायतका विभिन्न पालिकामा आयोजना गरिएको दुर्गा पूजा समितिद्वारा कलश शोभा यात्रा तथा बेल पूजाको कार्यक्रम सम्पन्न भएको छ ।

**होसियारीपूर्वक कारोबार गरौं, कानूनी कारवाहीबाट बचौं ।**

- रकम नभएको खाताको चेक जारी नगरौं,
- खातामा रकम भएको सुनिश्चित गरेर मात्र चेक जारी गरौं,
- खाली चेकमा हस्ताक्षर नगरौं,
- तमसुक वा धरौटीको रुपमा चेकलाई प्रयोग नगरौं,
- गैरकानूनी लेनदेन नगरौं ।

**चेक जारी गर्दा होशियारी अपनाऔं, कानूनी कारवाहीबाट बचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८